CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# गायत्रीदर्शनम्

(संस्कृतबाट नेपालीमा रूपान्तरीकृत तथा संवर्धित)

बलदेव जुजु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# गायत्रीदर्शनम्

(संस्कृतबाट नेपालीमा रुपान्तरीकृत तथा संवर्धित)

लेखक

बलदेव जुजु

वि.सं २०६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

**पुस्तक** : गायत्रीदर्शनम्
(संस्कृतबाट नेपालीमा रूपान्तरीकृत तथा संवर्धित)

**लेखक** : बलदेव जुजु

**प्रकाशक** : वैदिक प्रतिष्ठान

**प्रथम संस्करण** : ५००

**सर्वाधिकार** : लेखकमा

**मूल्य** : १००।-

**मुद्रण** : श्वेतकाली छापाखाना

NEPAL SANSKRIT UNIVERSITY
पुस्तकालय
Acc. 1621/१५२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# समर्पण

हाम्रा प्रातःस्मरणीय मन्त्रद्रष्टा पूर्वज ऋषिहरूका करारबिन्दमा मेरो परिश्रमस्वरूप यस कृति समर्पित छ ।

बलदेव जुजु

# शुभाभिव्यक्ति

जसरी हाम्रा त्रिकालस्मरणीय ऋषिहरूले गायत्रीको चिन्तन गरी प्रचोदना प्राप्त गरेका थिए, तिनै ऋषिहरूको अनुकरण गरी जीवनको लक्ष्य प्राप्त गर्न सक्ने आशा गरौं ।

गुरुशेखर राजोपाध्याय
सल्लाहकार, वैदिक प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# भूमिका

अन्धविश्वास, एउटा सुल्झाउनै नसकिने गम्भीर समस्या हो । यसलाई सुल्झाउन अथवा फाल्न नै खोजौं भने पनि सकिन्न । हाम्रो सामु कताकताबाट जवर्जस्ति आइहाल्छ । अनि आँखा चिम्ली विश्वास गर्न करै लाग्छ । परिवारलाई, समाजलाई, देशवासी जनतालाई अनि बाटामा संगसंगै हिडिरहेका अपरिचितलाई पनि बाध्य भएर विश्वास नगरी हुँदैन । विश्वास नगर्ने हो भने एकान्त वनवासी भगुवा ऋषिमुनि बन्नु पर्ने हुन्छ । तर, ती भगुवा ऋषिमुनिहरूले नै अध्यात्मवादी दर्शनशास्त्रहरू लेखेर मानिसलाई बाँच्ने बाटो देखाइदिएका छन् ।

आज हामीलाई ती समाजबाट टाढा रहेका ऋषिहरूले नै लेखेर छोडेका नीतिशास्त्रहरूले कर्तव्याकर्तव्यको ज्ञान दिएर बाँच्न सगाइरहेका छन् । तिनीहरूले दिएर गएका आध्यात्मिक दर्शनशास्त्रहरूले नै हामीलाई हाम्रो जीवन चिन्न मदत गरिरहेका छन् ।

बिहान उठ्ने बित्तिकै स्नान, स्नन्ध्या, देवदेवीहरूका पूजा, स्तुतिपाठ, देवमूर्तिमा प्रणाम हामी नित्य गर्दै नै रहन्छौं । त्यसपछि पनि आफूभन्दा उमेरमा जेठा र जेठीहरुलाई शिर निहुराएर बन्दना गर्दछौं । यी कुराहरू सिकाउने पनि ती ऋषिहरु नै थिए ।

तव, हामी अन्धविश्वासी भएनौं त ? तर त्यस्तो अन्धविश्वासी हुनु खराव होइन रे ! आँखा चिम्ली विश्वास गर्नु मात्र खराव हो । आँखा खोलेर विश्वास गर्नु बुद्धिमत्ता ठहरिन्छ । भनिन्छ, चारैतिर नजर घुमाएर नियालेर विश्वास गर्नु आत्मविश्वास हो । यही विश्वास जगाउन दर्शनशास्त्रहरू हाम्रा अगाडि छन् । विशिष्ट विशिट ६ जना विद्वान् तथा स्वनामधन्य ऋषिहरूले ६ वटा गहकिला दर्शनशास्त्रहरू जन्माएका छन् । जीवन के हो ? जीवनको मूल लक्ष्य के, कस्तो हुनु पर्दछ ? भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयमा गम्भीरतापूर्वक मन्थन गरेर, निचोड निकालेर हाम्रा अगाडि राखिदिएका छन् । त्यसैले तिनीहरू प्रति शिर निहुराएर सहस्रवार कृतज्ञता समर्पण गर्नु पर्दछ र गर्छौं पनि ।

तर एउटा कुरामा अझ जान्ने चाहनाले मनलाई कुत्कुत्याइ रहेको थियो, कि हामीलाई नित्य गायत्रीमन्त्र जप नटुटाई गरिरहनु पर्ने बाध्यताको अभिप्राय के हो ? यस जिज्ञासाको संतोषपूर्ण उत्तर कतैबाट पनि पाउन सकिएन । अनि आफै खोजीनीतिमा लागियो, दशौं वर्ष ....... ।

अर्कोतिर मेरा स्वजातीय राजोपाध्यायवर्गका भाइहरूले हाम्रो संस्कृतिको विषयमा केही त गरौं, भन्दै मलाई रातोदिन घच्घच्याउँदै हौस्याउन खोज्न लागे । 'वैदिक प्रतिष्ठान' नाम राखेर संस्था नै खोले । हात समातेर तान्दै संस्थाका अध्यक्ष नै बनाइदिए । अनि त बाध्यतया खोजीनीतिको कार्यमा तीव्रता ल्याउनै पर्‍यो । त्यसैको परिणाम आज 'गायत्रीदर्शनम्' नामक पुस्तक अगाडि देखापर्दैछ ।

यसलाई छुट्टै एउटा दर्शनशास्त्र नै भनेर भनिहाल्नु मेरो योग्यताको कुरो कुनै हालतमा होइन नै । केबल आफ्नो मनको कुत्कुती मात्र विज्ञजनको अगाडि राख्न सम्म जमर्को गरेको हुं । छुट्टै दर्शनशास्त्र भन्नलाई चाहिने सैद्धान्तिक अङ्गहरू पूरा भए न भएका कुरातिर मैले ध्यान सम्म पनि दिएको छैन । केबल एउटा नौलो कुरा विज्ञजनहरूको सामु प्रस्तुत गरेको मात्र हुं । जे, जस्तो छ, उहाँहरूको बुझाइमा ........... ।

अब जस्तोसुकै भएपनि प्रस्तुत 'गायत्रीदर्शनम्' शीर्षक पुस्तक प्रकाशनमा आउँदै छ । पुस्तकमा केही थप वा घट गर्नु पर्ने लागेमा विज्ञजनबाट सुझाव पाउने नै विश्वास लिएको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसपछि पुस्तक लेख्ने क्रममा सहयोग गर्ने विज्ञजन र भाइहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्नु म आफ्नो कर्तव्य ठान्दछु ।

प्रथमतः 'वैदिक प्रतिष्ठान' का संपूर्ण सदस्यहरू प्रेरक बनिदिनु भएकामा अभिवादन सहित धन्यवाद टक्र्याउँछु। अध्ययन अनुसन्धानको क्रममा 'उवट भाष्य तथा महीधर भाष्ययुक्त शुक्ल यजुर्वेद संहिता' पुस्तक उपलब्ध गराइदिनु भएकोमा भाइ गजेन्द्र चरण शर्मालाई धेरै धन्यवाद दिन्छु । त्यसपछि वैदिक प्रतिष्ठानका वर्तमान कार्यकारिणी समितिका अध्यक्ष, कुमारधर शर्मा लगायत सबैलाई धन्यवाद दिन्छु। विशेषतः वर्तमान उपाध्यक्ष महेश्वर जुजु तथा महासचिव राजेन्द्र धर राजोपाध्यायमा बढी चासो लिएर घच्घच्याउने कार्य गर्नु भएकोमा म वढी प्रोत्साहित बनेको छु। त्यसैले उहाँहरूलाई विशेष धन्यवाद । मेरा अग्रज वैयाकरण श्रीगुरुशेखर राजोपाध्यायका बेला बेलाका सुझाव, सल्लाहहरू ज्यादै गहकिला पाएं । वहाँमा नतमस्तक बनी धन्यवाद अर्पण गर्नु आफ्नो परम कर्तव्य ठान्दछु ।

पुस्तकलाई कम्प्युटर टाइप र प्रिन्टिङ्ग कार्यको लागि संपूर्ण आवश्यक कुराको जिम्मा लिई पुस्तकाकारमा ल्याइदिने कार्य संपन्न गरिदिएकोमा आफ्नै पुत्र सुधीर शर्मा र 'भिजनेटिक्स ग्रूप' का भाइहरू सबैमा मायालु धन्यवाद ! पुस्तक छपाउने कामलाई भरमग्दुर प्रयत्न गर्ने 'श्वेतकाली छापाखाना' प्रेसका प्रोप्राइटरलाई पनि धन्यवाद ! मुखपृष्ठको डिजाइन तयार पारिदिने भाइ जीवन राजोपाध्यायलाई पनि मायालु विशेष धन्यवाद !

लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# प्रकाशकीय

शिवसङ्कल्पमस्तु !

वैदिक प्रतिष्ठानबाटै प्रकाशित तथा यस प्रतिष्ठानका संस्थापक अध्यक्ष एवं सल्लाहकार परिषद्का प्रमुख नब्यन्यायाचार्य श्रीबलदेव जुजुले देववाणी संस्कृत भाषामा लेख्नु भएको गायत्रीदर्शनम् शीर्षकको ग्रन्थलाई उहाँबाटै नेपाली भाषामा अनूदित तथा सम्बर्धित भएकोमा प्रतिष्ठान अति नै हर्षित भएको छ । यो दर्शनशास्त्रको विद्यमान ६ वटा दर्शनदेखि बाहेक सातौँ दर्शनको रूपमा उहाँको शोध एवं अनुसन्धानात्मक कृतिको रूपमा प्रस्तुत भएको छ । यस ग्रन्थबाट संस्कृतमा वुझ्न कठिन रहस्यहरूको समेत रहस्योत्घाटन भएको छ ।

हामीहरू तपोभूमि नेपालमा अवस्थित नेपालीहरू एकजूट भई आफ्नोपन रक्षार्थ संस्कृतिको संरक्षण गर्ने उद्देश्यका साथ जन्मभएको वैदिक प्रतिष्ठानबाट प्रकाशित यो ग्रन्थले एक नयाँ आयाम थपिएको छ । वैदिक प्रतिष्ठानका संस्थापक अध्यक्षज्यू स्वयंको अथक प्रयासबाट जुन यो ग्रन्थ यस संस्थाको प्रकाशनको रूपमा प्रस्तुत गर्ने अवसर हामीलाई प्राप्त भएको छ, यसमा हाम्रो संस्था गौरवान्वित भएको छ । यो प्रकाशनलाई पूर्णता दिन प्रतिष्ठानको प्रचार प्रसार तथा प्रकाशन समितिको प्रयासलाई कृतज्ञता ज्ञापन गरिएको छ । लेखक स्वयं दार्शनिक भएकोले यस पुस्तकमा आफ्नो सातौं दर्शनको प्रस्तुतीकरणले पाठकहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानको भण्डार प्राप्त हुनेमा कुनै शंका छैन । यस प्रकाशनमा कुनै त्रुटि हुन गएमा विद्वत्वर्गबाट सद्भावका साथ संशोधन गर्न वैदिक प्रतिष्ठानलाई मार्गदर्शन तथा उत्साहित गर्नु हुनेछ भन्ने आशा एवं विश्वास समेत लिएका छौं । धन्यवाद !

राजेन्द्रधर राजोपाध्याय
महासचिव
वैदिक प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# विषयसूचि

| विषय | पन्ना |
|---|---|
| १) उपोद्घात | ०१ |
| २) गायत्रीको पृथ्वीमा अवतरण | ०४ |
| ३) दर्शनशास्त्र के हो ? | ०८ |
| ४) गायत्रीमन्त्रको प्रायोगिक विशेषता | १४ |
| ५) गायत्रीमन्त्र जपानुष्ठानको महत्त्व | १५ |
| ६) जीवनप्रकाशिनी गायत्री | १७ |
| ७) गायत्री जपविधि, अभिप्रायसहित | २४ |
| ८) गायत्रीमन्त्रले औंल्याएको जीवनको लक्ष्य | ३० |

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# गायत्रीदर्शनम्

(संस्कृतबाट नेपालीमा रूपान्तरीकृत तथा संवर्धित)

## १. उपोद्घात

गायत्री एउटा सामान्य जप्यमन्त्र मात्र नभएर विश्व ब्रह्माण्डकै संपूर्ण रहस्यात्मक कुराको अगाध ढुकुटी नै हो । यी दृश्यमान भूमण्डल, सूर्य, चन्द्र तथा ग्रहनक्षत्रगण आदि संपूर्ण ब्रह्माण्डहरूको आविर्भाव, विस्तार तथा तदन्तर्गत मूल रहस्यका कुराहरू पनि अतिसूक्ष्म एवं अति संक्षिप्त रूपले गायत्रीमन्त्रमा अन्तर्व्यञ्जित रहेका पाउन सकिन्छ। आज हाम्रो अगाडि रहेका सदा सश्रद्ध पठनीय एवं स्मरणीय ग्रन्थहरू वेद, उपनिषद्, पुराण, धर्मशास्त्र, तन्त्रशास्त्र आदि जति छन्, ती सबैका अभिव्यक्तिको मूलस्रोत गायत्रीमन्त्र नै रहेको हामी पाउन सक्दछौं ।

हाम्रा आदिम विद्वच्छिरोमणि श्रद्धेय छ जना ऋषिहरू व्यास, जैमिनि, कपिल, पतञ्जलि, कणाद, गौतमद्वारा प्रवर्तन गरिएका वेदान्त, मीमांसा, सांख्य, योग, वैशेषिक तथा न्याय, यी षड् आध्यात्मिक दर्शनशास्त्रहरूकी जननी गायत्री नै हुन् । एवं च स्वयं गायत्री पनि एउटा छुट्टै सप्तम दर्शन हुन् । अझ वास्तविक कुरा भन्ने हो भने माथि भनिएका षड्दर्शनबाट छुट्टै षड्दर्शनका आधारभूत प्रथम आदिम दर्शन गायत्रीलाई नै मान्नु पर्दछ ।

आज विज्ञानको अध्ययन र अनुसन्धानका माध्यमबाट विश्वमै जुन अभूतपूर्व विकास, उन्नतिहरू भइरहेका छन्, ती पनि गायत्रीको सूक्ष्मतम अध्ययनद्वारा गम्य न रहेका छैनन् । गहन अध्ययन र अनुसन्धानात्मक दृष्टिद्वारा खोतलेर हेर्नुपर्छ,


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तव ती सबै गायत्री मन्त्रबाट बाहिर रहेका हुने छैनन् । गायत्री संपूर्ण ज्ञान विज्ञानको गुप्त निधिको रूपमा रहेका पाउन सक्नेछौं । उदाहरणार्थ हाम्रा गोत्रप्रवर्तक ब्रह्मर्षि महर्षिहरू यिनै गायत्रीमन्त्रको, एकान्त वनवासमा सुदीर्घकालीन अध्ययन, चिन्तन, मननरूप तपस्या गरेर नै त्रिकालदर्शी एवं मृत्युजित् जीवन बनाउन सफल् भएका छन् ।

हाम्रो यस जीवनलाई एकपटक नियालेर हेरौं, पञ्चतत्त्वात्मक देह छ, अनि पञ्चज्ञानेन्द्रिय र पञ्चकर्मेन्द्रियहरूको सहायताद्वारा जीवनका आवश्यक कार्यहरू संपन्न हुने गरिएका छन् । दृश्यमान शरीरका अङ्ग प्रत्यङ्ग सबै अगाडि छन्, तर जीवनको मूलतत्त्वरूप चैतन्य भने इन्द्रियग्राह्य नभएर हृदयगम्य मात्र छ । चैतन्यलाई न आँखाले देख्न सकिन्छ, न हातले छुन सकिन्छ । भनौं दशै इन्द्रियद्वारा ग्राह्य छैन । त्यसैले प्रायः हाम्रा सामु प्रश्न उठिरहन्छ, त्यस रहस्यमय चेतनारूप तत्त्व के हो ? यसको सत्य उत्तर केवल गायत्रीले नै दिन्छिन् । हामी आफैंलाई चिन्न नसकेर बाहिर भौंतारिने गर्दछौं, तर गायत्रीले हामी आफूलाई चिन्नु मात्र होइन, प्रत्यक्ष अनुभूति नै गराइ दिन्छिन् ।

भनिन्छ, हाम्रा स्वनामधन्य पूर्वज ऋषि महर्षिहरूले जीवनको त्यस मूलतत्त्वलाई आत्मसात् गर्न सकेका हुँदा हाम्रै जस्तै पार्थिव शरीर पाएर पनि मृत्युजित् बनेर चिरञ्जीवी बनेका छन् । हामीले आजसम्म पनि कुनै ऋषिको कालगतिले मृत्यु भएको कुरा थाहा पाएका छैनौं, यसको मतलव यो हुन्छ कि ती ऋषिहरू सबै नै आजसम्म पनि जीवित नै छन् । यो गायत्रीकै अनुकम्पा थियो । यही कारणले हामी ती गोत्रप्रवर्तक मृत्यजित् ऋषिहरूका नाम हरेक नित्य नैमित्तिक धार्मिक कार्य


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु पर्दा प्रथमतः उच्चारण गर्दै संकल्पवचन अभिव्यक्त गर्ने परंपरा चलाउँदै आइरहेका छौं । त्यसकारण यसबाट प्रमाणित हुन्छ कि, ती गोत्रप्रवर्तक ऋषिहरू अहिले पनि जीवित छन् ।

आध्यात्मिक र भौतिक लगायत संपूर्ण कुराहरूलाई चिनाउने, अर्थात् जीवनदर्शन गराउने 'गायत्री' नै समस्त दर्शनशास्त्रहरूकी जननी हुन्, साथै स्वयं मूर्धन्य दर्शन पनि हुन् । गायत्रीको यो रहस्य बुझेर हृदयङ्गम गर्न नसक्ने कुनै पनि विद्वान् कहलिएका व्यक्तिले अन्य वेदान्तादि षड्दर्शनहरूलाई पनि पूर्णरूपले बुझ्न सक्ने छैनन् ।

हाम्रो यो पाञ्चभौतिक जीवन सामान्य जीवन भएता पनि यसमा अनन्त शक्तिहरू सुषुप्त अवस्थामा रहेका छन् । हाम्रो यो शिरोगोलकलाई मात्र पनि ब्रह्माण्ड भन्ने गरिन्छ, किन ? ...... यस प्रश्नको उत्तर केबल गायत्रीले दिन्छिन्, अझ उत्तर मात्र होइन, अनुभूति नै गराइदिन्छिन्, मात्र सुतीक्ष्ण मननको आवश्यकता पर्दछ । खालि, ठूला ठूला पुस्तकहरूका ठेल्लीहरू पढेर तथा कण्ठाग्र नै गरेर मात्र जीवनलाई वास्तविकरूपमा चिन्न सकिंदैन । हामीले देखिरहेका छौं, कति विद्वान् ज्ञानवान् कहलिएका व्यक्तिको पनि जीवन एकदिन माटामै बिलाएर गएका छन् । यसको मतलव यही हुन आउँछ कि जतिसुकै शास्त्रहरूको अध्ययन गरेका भए पनि वास्तविकरूपमा जीवदर्शन पूर्णरूपले बुझ्न कठिन नै हुने रहेछ । यी कुराहरूलाई ध्यानमा राखेर गम्भीर बनी गायत्री र गायत्रीदर्शन बुझ्न कुनै पूर्वाग्रह नराखी स्वस्थ हृदयले अध्ययन मनन गर्दै निरन्तर लाग्ने गर्नु अत्यावश्यक हुन्छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एउटा मिश्रवाक्यको रूपमा रहेको गायत्रीमन्त्र हामीले गुरुको मुखारविन्दबाट पाएका छौं र त्यसलाई नित्य जप्दै पनि आइरहेका छौं । तर त्यसभित्र संपूर्ण ज्ञानभण्डार नै अन्तर्निहित भइरहेको कुरा बुझ्न तिर भने कहिल्यै कुनै प्रयत्न गर्नेतिर लागेनौं । वास्तवमा असीम महिमाले भरिपूर्ण रहेका रहस्यपूर्ण ज्ञान बुझ्न तिर सदा समर्पित रहेर लाग्नु गायत्रीमन्त्रधारी हामीहरूले आफ्नो अत्याज्य कर्तव्य संझनु पर्दछ ।

गायत्रीको व्यापकता कतिसम्म छ भन्ने कुरा हामीले संचालन गर्दै आएका कर्मकाण्डहरूका विधिहरूबाट पनि प्रमाणित हुन्छ । हामी परंपरानुसार बेलाबेला कर्मकाण्डहरूका विधि संपादन गर्दै आइरहेका छौं, त्यसबेला ती कर्मकाण्डका विधि अन्तर्गत पढ्नु पर्ने कुनै वेद अथवा देवदेवीका स्तोत्र एवं कुनै तन्त्र अन्तर्गतका मन्त्र नै कण्ठस्थ नभएर पढ्न सकिएन भने त्यस्तो समस्या परेको बेला गायत्रीमन्त्र नै निःस्वर पढेर कार्य अगाडि बढाएमा विधिपूर्ण हुने मान्यता दिइएको छ । यसको अभिप्राय ती वैदिक, पौराणिक एवं तान्त्रिक लगायत संपूर्ण शास्त्रहरूकी अधिष्ठात्री गायत्री हुन् ।

यी कुराहरू केबल प्रशंसापरक मात्र नभएर वास्तविकतायूक्त नै हुन् भनी हामीले हृदयङ्गम गर्नु पर्दछ । यस्ती महिमशालिनी विश्वब्रह्माण्डजननी त्रिकालस्मरणीया श्रद्धेया गायत्रीलाई हृदयभित्र विराजमान गराउँदै उहाँका मननीय महिमा यहाँ प्रस्तुत गर्ने प्रयास गर्दछु ।

जयतु जगज्जननी गायत्री !

**सूक्ष्मातिसूक्ष्मदेहां वै कर्तृत्वेन च सर्वगाम् ।**
**समस्तशक्तिरूपां च गायत्रीं चिन्तयाम्यहम् ॥**



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

## २. गायत्रीको पृथ्वीमा अवतरण

देवी गायत्री कुनै प्रत्यक्ष हुने शरीरधारिणी होइनन्, बाह्येन्द्रियद्वारा ग्राह्य नहुने भावरूपिणी अनन्तज्ञानस्वरूपिणी हुन्। यस्ती महिमशालिनी गायत्री यस धरतीमा कसरी आइपुगिन् भन्ने कुरा बुझ्नु अतिमहत्त्वपूर्ण हुनेछ।

आदिमकालीन यस पृथ्वीमा जीवसृष्टि हुदै थियो, त्यसबेला यहाँ पाञ्चभौतिक देहधारी पशु, पंछी तथा मनुष्य पनि प्रकृतिकै विधानले उत्पन्न भएका थिए। ती जीवहरू मध्ये मनुष्यहरू पनि हिंस्रक जन्तुहरू जस्तै काँचै मासु खाने मांसाहारी र मृगादि पशु जस्तै फल, घाँस, सागपात खाने शष्पभोजी पनि थिए। तरपनि त्यसबेलाका अधिकांश मानिस जनावरहरूको शिकार गरेर काँचै मासु लुछेर खाने नै गर्थे। यी कुरा मानवइतिहासमा जङ्गलीयुग भनेर बताइएको पाइन्छ। प्रकृतिको सृजना यस्तो आश्चर्य लाग्दो थियो कि पशुहरूमा शेर, बाघ, चितुवा आदि हिंस्रक जन्तुहरू जनावरका मासु मात्र खाएर बाँच्ने गर्थे भने सागपातहरू, भोकै मर्नु परेपनि खाँदैनथे। यस्तै मृग जस्ता शष्पभोजी पशुहरू भने घाँसपातहरू नै खाएर जीवन निर्वाह गर्थे। मासु भने मर्नै परेपनि खाँदैनथे।

त्यतिबेलाका मानिसहरू जनावरका मासु, अनि जमीनमा उम्रेका सागपात तथा रुखमा फलेका फलफुलहरू पनि खोजी खोजी खाने गर्थे। यसरी तत्कालीन मानिसहरूका खानेकुराको विविधता देखिएता पनि अपवादको रूपमा एक दुई जना यस्ता मानिस पनि जन्मेछन् कि जुन मासु भन्ने कुरा पटक्कै मन नपराउने थिए। तिनीहरूलाई मासुको लुछाचुंडी गर्ने वातावरण



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेर्न सम्म पनि मन पर्दैनथ्यो । त्यस्ता एक दुई व्यक्तिलाई त्यस ठाउँको मासु लुछ्याचूंडी प्रति घिन लाग्नुको साथै मारकाटको वातावरणदेखि भय समेत लाग्नु स्वाभाविक कुरा थियो । त्यसैले ती भयभीत भएका एक दुई मानिस भिन्ना भिन्नै दिशातिर टाढा टाढा एक्लै एक्लै नै भाग्न लागेछन् । यसरी जाँदा जाँदै अनकण्टार बाक्लो जङ्गलबीच पुग्नु संभव नै थियो, जुन ठाउँमा हिंस्रक जङ्गली मानिस र हिंस्रक पशु पनि थिएनन् । यस्तो शान्तवातावरणमा बगिरहेको खोलाको छेउमा अजंगको बाक्लो वृक्षच्छाया भेटिंदा त्यहीं निर्धक्क भई बस्नु स्वाभाविक नै थियो ।

यसपछि त्यहाँ एक्लै बसेर के गर्ने हो, कुनै योजना नभएको कारण त्यस व्यक्ति अधिकांश समय आँखा चिम्लेर भावनारहित शून्यमा बस्ने गर्थ्यो । प्यास लागेमा खोलाको पानी पिउने र भोक लागेमा त्यहाँ भेटिने फल वा हरिया पातहरू खानेगर्थ्यो । त्यसपछि पुनः आँखा चिम्ली नै बस्थ्यो । यस किसिमको जीवनावस्था एक प्रकारको तपश्चर्याकै रूप थियो ।

एवं क्रमले अन्य अन्य दिशातिर गएका मानिसहरू पनि यस्तै यस्तै रीतिले शून्यमा ध्यानमग्न भएर बस्नु संभावनाको कुरा थियो । त्यसरी निराहार, अल्पाहार बनेर बस्दा बस्दै नै कमजोर हुंदै कति त मृत्यु कै शिकार पनि हुन गए होलान् । तैपनि केही एक दुई व्यक्ति महिनौ नखाएर पनि जीवित बनी ध्यानस्थ बस्न सफल भएका मध्ये कसैको मस्तिष्कमा अप्रत्याशित रूपमा अपरिचित स्वर 'ओम्' गुंजिएछ । पूर्ण नौलो, कहिल्यै


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कतै नसुनिएको स्वर मस्तिष्कमा घन्किंदा चकित भएर आफैले पनि त्यस स्वरको अनुकरण गर्दै बोल्न लागे, 'ओम्, ओम्'।

त्यसबेला उनलाई कताकता हृदयभित्र नौलो अनौठो अनुभूति महसूस हुनु स्वाभाविक थियो। त्यसपछि त्यही 'ओम्' को उच्चारण वारंवार गर्दै नै रहे। आज त्यही प्रथम स्वर 'ॐ' हरेक मन्त्रको आद्यक्षरको रूपमा हामी पनि प्रयुक्त गर्दै आइरहेका छौं। यस कुरालाई संकेत गर्दै कुनै एउटा पुराणमा भनिएको छ, –

**ओंकारश्चाथशब्दश्च द्वावेतौ ब्रह्मणः पुरा।**
**कण्ठं भित्त्वा विनिर्यातौ तस्मान्माङ्गलिकावुभौ॥**

यस पद्यमा ब्रह्मशब्दको अर्थ साधकको मस्तिष्क हो, अतएव मस्तिष्क रहेको शिरलाई ब्रह्माण्ड भन्ने गरिन्छ। यसै कुरालाई प्रमाणित गर्दै हिजो आज पनि योगीहरू आफ्नो मनलाई षट्चक्रको मार्गबाट मस्तिष्कमा पुऱ्याई ब्रह्मप्राप्ति गर्न प्रयत्न गरिरहन्छन् भनिन्छ। यहाँ 'ब्रह्म' अर्थ बुझाउने 'ॐ' र 'अथ' शब्द पहिले मस्तिष्कमा गुंजियो, त्यसपछि मस्तिष्कबाट तल कण्ठ भेदन गरी अर्थात् कण्ठको मार्ग भई मुखबाट निस्केका हुन् भन्ने अभिप्राय उक्त पौराणिक पद्यबाट बुझ्न सकिन्छ।

एवं क्रमले अन्य दिशातिर गएका निरामिष शान्तिप्रेमी दुईचार मानिसले पनि आफ आफ्ना मस्तिष्कमा अनायास उत्पन्न भएका स्वरहरू रुखका पातहरूमा स्मरण संकेतको रूपमा कोरेर राखे। धेरैपछि वनमै एकको अरुसंग आकस्मिक भेट हुंदा भाषा बनि नसकेको भए पनि आफ आफ्ना संकलित स्वरहरू उच्चारण गर्दै परस्पर सुनाउँदै गर्न लागे। पछि बिस्तारै


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथाशक्य अभिव्यक्ति प्रकट गर्दै परस्पर भावना पनि व्यक्त गर्न लागे ।

यस्तै क्रममा ती व्यक्तिहरूबीच एकजनाले ध्यानमा रहँदा एकदिन तीन शब्द स्पष्टरूपमा आफ्नो मस्तिष्कमा गुञ्जिएको अनुभव गरेछ । त्यो हो, 'भूः, भुवः, स्वः' । यी तीन शब्दलाई गायत्री मन्त्र अन्तर्गतको व्याहृति भन्ने गरिएको छ । 'ब्याहृति' को अर्थ बोली हो । यी तीनै शब्द अब्यय अर्थात् अपरिवर्तनीय सदा एकै रूपमा प्रयुक्त हुने हुन् । पहिलो 'भूः' को अर्थ पृथिवी अर्थात् भूमण्डल हो भने दोस्रो 'भुवः' को अर्थ वायुमण्डलव्याप्त अन्तरिक्ष (आकाश) हो । त्यसपछि तेस्रोशब्द 'स्वः' को अर्थ अपरिमित विशाल आकाश हो । यी कुराबाट गायत्री त्रिलोकव्यापिनी, अपरिमेया अविनाशिनी तथा नित्या हुन् भनेर स्पष्ट बुझ्न सकिन्छ । यज्ञाग्निको स्तोत्रमा पनि गायत्री ब्रह्मघोषः भनिएको छ । यसको अभिप्राय गायत्रीमन्त्र 'ब्रह्म' बुझाउने शब्दावलीरूप हो ।

यसरी यी तीनशब्द 'भूः, भुवः, स्वः' गायत्रीको महिमा व्यक्त गर्ने भएका हुंदा व्याहृति भनिएको हो । अर्थात् गायत्रीदेवी अद्वितीयमहिमशालिनी सर्वव्यापिनी ज्ञानरूपा हुन् ।

यस व्याहृतिमन्त्र प्रकट भएको केही दिन वा महिना वा वर्ष पछि पुनः ध्यानमग्न पुरुषको मस्तिष्कमा अर्को एकवाक्य नै ध्वनित भएछ, त्यसवाक्य हो 'तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्' । यस वाक्यलाई गायत्रीमन्त्र भन्दै हामीले नित्य जप्दै आइरहेकाछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ, गायत्रीमन्त्रका द्रष्टा विश्वामित्र ऋषि थिए रे, सायद ती विश्वामित्र हामीले पढ्ने गरिएको पुराणका विश्वामित्र नहुन सक्छन्, ती आदिम कालीन अपरिचित भिन्नै ब्रह्मर्षि विश्वामित्र थिए । कतिले त गायत्रीमन्त्रका द्रष्टा वशिष्ठ ऋषि थिए पनि भन्ने गरेका छन् । त्यसैले वशिष्ठलाई त्रिकालदर्शी ब्रह्मर्षि भन्ने गरिन्छ ।

यसप्रकार गायत्रीको अवतरण भएको हुंदा त्यस वाणीरूप पवित्रमन्त्र संझेर नित्य जप ध्यान गर्दै आइरहेकाछौं ।

यसकुराबाट अर्को एउटा के थाहा पाउन सकिन्छ भने गायत्रीमन्त्रको भाषालाई पवित्र संस्कृत भाषा मानियो र देववाणी पनि मानियो । 'देव' शब्द दीप्त्यर्थक दिव् धातुबाट बनेको पवित्र व्यक्ति वा विषय भन्ने अर्थ बुझिन्छ, त्यसकारण देववाणी पनि पवित्र बोली भएकोले देवीदेवताहरूको पूजा, यज्ञादिमा पनि संस्कृत भाषाकै प्रयोग गर्ने परंपरा आजसम्म पनि यथावत् चलिरहेकै छ । एवं क्रमले संस्कृत भाषामा पुराण, धर्मशास्त्र, तन्त्रशास्त्र लगायत सबै धार्मिक ग्रन्थहरू लेखिएका छन् र ग्रन्थहरू लेखिने गरिएको लिपिलाई पनि देवनागरी लिपि भन्ने गरिएको छ, जुन संभवतः ती आदिमकालका मानवहरूले आफ्नो मस्तिष्कमा गुँजिएका आवाज वा शब्दलाई स्मरण संकेतको रूपमा वृक्षपत्रहरूमा कोरेर सुरक्षित राखिएका थिए ।

यसै प्रसङ्गमा ती मन्त्रद्रष्टा आदिमावनलाई धेरै पछि ऋषि भन्ने गरियो । 'ऋषि' शब्दको अर्थ लक्ष्यप्राप्त गर्ने व्यक्ति हुन्छ, अर्थात् मानव भएर जन्मी जीवनको मूललक्ष्य प्राप्ति गर्न सक्ने भनी बुझ्न सकिन्छ । ती ऋषिहरूलाई 'मुनि' पनि



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ । 'मुनि' शव्दको अर्थ मनन गर्ने भन्नु हो । 'मनेरुच्च' भन्ने उणादिसूत्र अनुसार मननार्थक 'मन्' धातुमा 'उत्' र 'इ' प्रत्यय जोडिएपछि मुनि शब्द बन्दछ भनी व्याकरणकारहरूले बताएका छन् ।

यी कुराबाट हामी संस्कृत भाषालाई देववाणी मान्ने सबैका पुर्खा ती वनवासी ऋषिहरू नै थिए भन्ने कुरा बुझ्न सकिन्छ । यसै कुरालाई हृदयङ्गम गर्दै हामी हाम्रा आफआफ्ना गोत्रका प्रवर्तक ऋषिको नाम नित्य स्नान संध्या तथा कुनैपनि धार्मिक कार्य गर्दा उच्चारण गर्ने परंपरा चलाउँदै आइरहेका छौं । यसको साथै संध्या कर्ममा गायत्रीदेवीको जप अनिवार्यतया गर्नैं पर्ने नियम पनि पालन गर्दै आइरहेका छौं ।

यसको अतिरिक्त ती आदिम पुर्खा मानवहरूले आफ्नो जीवनयापनको लागि फल, पत्र (सागपात) जल मात्र खाने गरेका कुराको संस्मरणस्वरूप हामी हिजोआज पनि विभिन्न नामको व्रत बस्दै फलाहार (फल मात्र खाने), पत्राहार (सीमित सागपात खाने), जलाहार (पानी मात्र खाने) तथा एक दुई दिनको लागि मात्र भएपनि अन्नहरू नखाने गरेर व्रत बस्ने परंपराको प्रचलन चलाउँदै आइरहेका छौं । यसबाट हाम्रा ती स्वनामधन्य पुर्खा ऋषिहरूको संस्मरण गर्दै तिनीहरूको अनुकरण गरी सद्भाव प्रकट गर्दछौं ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

## ३. 'दर्शनशास्त्र' के हो ?

मनुष्यको जीवन अतिरहस्यमय छ । सामान्य बाहिरी आँखाले हेर्दा पार्थिवतत्त्वका अर्थात् माटाबाट बनेका हाड, मासु, छाला आदिको कुनै पुत्तलाजस्तो देखिन्छ । तर गहीरिएर विचार गरी खोतलेर हेर्ने हो भने त्यस पुत्तला भित्र अन्तरिन्द्रिय मन, बुद्धिद्वारा मात्र बुझ्न सकिने 'चैतन्य' रूप तत्त्व नै मूलरूपमा रहेको हामी पाउन सक्दछौं, जुन बहिरिन्द्रियद्वारा ग्राह्य हुंदैन । त्यस कारण हाम्रो अगाडि प्रश्न उठ्छ, त्यस 'चैतन्य तत्त्व' भनेको के हो ?

यस प्रश्नको उत्तरमा अध्यात्मवादी षड्दर्शनका सिद्धान्तहरू हाम्रा अगाडि मननको लागि देखापरेका छन्, जुन ज्ञानशिरोमणि महर्षिहरूद्वारा प्रवर्तन गरिएका हुन् । यहाँ क्रमशः ती कुरा अति संक्षिप्त रूपमा प्रस्तुत गर्न प्रयास गरिन्छ ।

### क. वेदान्त दर्शन

महर्षि व्यासद्वारा प्रवर्तन गरिएको वेदान्त दर्शन अनुसार विश्वसंसारकै मूल तत्त्व भन्नु एकमात्र सत्य ज्ञान स्वरूप ब्रह्म हो । भनिन्छ, 'सत्यं ज्ञानमनन्तं ब्रह्म', अर्थात् 'ब्रह्म' एक मात्र सत्य हो, अरु सबै माया मात्र हुन् । 'ब्रह्म सत्यं जगन्मिथ्या' हामीबाट दृश्यमान जगत् र जगत्का संपूर्ण कुराहरू भ्रम वा अज्ञानबाट मात्र अस्तित्वमा रहेको अनुभूति भइरहेका हुन् । यिनै सैद्धान्तिक कुरालाई ध्यानमा राखेर एकमात्र ब्रह्मप्राप्तिको लागि अथवा आत्मसात् गर्नको लागि संपूर्ण व्यावहारिक कुराको माया त्यागेर ब्रह्मचिन्तनमा लाग्नु पर्दछ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस सिद्धान्तद्वारा हामीलाई सांसारिक विषय वस्तुबाट अलग रही ब्रह्मचिन्तनमा निरन्तर लाग्दै एक्लो भएर वस्ने मार्गदर्शन गराउँछ ।

## ख. मीमांसा दर्शन

महर्षि जैमिनिद्वारा प्रवर्तन गरिएको मीमांसा दर्शनको लक्ष्य पनि ब्रह्मत्व प्राप्ति नै हो । तर ब्रह्मत्व प्राप्तिको मार्गमा भने केही फरक रहेको भेटिन्छ । तदनुसार ब्रह्मप्राप्तिको लागि व्यक्तिमा प्रथमतः योग्यता हुनु अनिवार्य आवश्यक हुन्छ । त्यसकिसिमको योग्यताप्राप्तिको लागि कर्म गर्नु अनिवार्य हुन्छ, अर्थात् यज्ञ, जप, ध्यान आदि कर्महरू गरेर चित्तशुद्धि गरिसके पछि मात्र ब्रह्म चिन्तन गर्दै ब्रह्मप्राप्ति गर्न सकिन्छ । यजुर्वेदको चालीसौं अध्यायको प्रथम कण्डिमा भनिएको छ, 'ईशा वास्यमिदं सर्वम्' ईश्वरद्वारा यस जगत् सबै ढाकिएको छ, अतएव म पनि परब्रह्म हुं । यही भावनाद्वारा सफलताप्राप्ति हुन्छ । त्यसैले अध्यायको अन्त्यमा भनियो, 'खं ब्रह्म' अर्थात् ब्रह्म आकाश जस्तै सर्वव्यापी छन् । यसप्रकार कर्मद्वारा नै ब्रह्मप्राप्ति हुने सिद्धान्त मान्ने भएकोले भनियो 'कर्मेति मीमांसकाः' ।

## ग. सांख्य दर्शन

सांख्यदर्शनका प्रवर्तक महर्षि कपिलमुनि थिए । यिनको सिद्धान्तानुसार पुरुष र प्रकृतिको सामञ्जस्यबाट नै संसार चलिरहेको छ । पुरुष चेतनस्वरूप हुन् भने प्रकृति जड हुन्, अर्थात् स्वयं कार्यशील नहुने, तर चेतनस्वरूप पुरुषको सान्निध्य



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाएपछि जड प्रकृति पनि सक्रिय भई विविध सांसारिक कार्यहरू संचालन गर्न थाल्छ। अनि प्रकृतिको कार्य पुरुषले आफ्नो संझी सुखदु:खादिको अनुभूति गरिरहन्छ। जस्तै, कुनै हतियारले हातमा चोट परेमा पुरुषले आफूलाई चोट परेको अनुभूति गरिरहन्छ। यसरी प्रकृतिका कुरा पुरुषले आफूमा अज्ञानवश आरोपित गर्दछ। जव 'म पुरुष प्रकृतिदेखि अलग रहेछु' भन्ने महसूस गर्छ तव आत्यन्तिक दु:खनिवृत्ति हुन्छ। यसैलाई कैवल्यप्राप्ति अर्थात् मोक्षप्राप्ति भन्ने गरिएको छ।

## घ. योगदर्शन

योगदर्शनका प्रवर्तक महामुनि पतञ्जलि थिए। योगदर्शनको सिद्धान्त पनि सांख्यदर्शन कै जस्तै नै हो। योगसाधनाद्वारा चित्तवृत्ति निरोध गरी 'आफू' अर्थात् पुरुष प्रकृतिको बन्धनबाट मुक्त हुन सक्नु पर्दछ अथवा मनलाई ईश्वरमा लगाएर पनि चित्तवृत्ति निरोध गर्न सकिन्छ। जस्तै भनिएको छ, 'योगश्चित्तवृत्ति निरोध:', 'ईश्वर प्रणिधानाद्वा'। यहाँ 'प्रणिधान' भन्नुको मतलव चित्तलाई निश्चल बनाएर ईश्वरमा राख्नु हो।

## ङ. वैशेषिकदर्शन

महर्षि कणादद्वारा प्रतिपादन गरिएको वैशेषिकदर्शनको लक्ष्य मोक्षप्राप्ति हो। यस लक्ष्य प्राप्ति गर्नको लागि पदार्थहरूको विश्लेषण गर्दै अध्ययन गरिसकेपछि अनुमान प्रमाणद्वारा परमात्मालाई प्रमाणित गरी बुझ्न प्रयत्न गर्नु पर्दछ। त्यसपछि तिनै परमात्माको निरन्तर चिन्तनद्वारा नै मोक्षप्राप्ति गर्न सकिन्छ।


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तै, 'क्षित्यंकुरादिकं कर्तृजन्यं कार्यत्वात्' अर्थात् यस भूमण्डल पृथ्वी र यहाँका बोटविरुवाहरू कुनै कर्ताद्वारा बनाइएका हुन्, किनभने यी कसैको कार्य हो, जस्तै, माटाको गाग्रो (घैंटा) देख्ने बित्तिकै त्यसका कर्ता अर्थात् रचयिता आफूले नदेखे पनि कुम्हाले हो भनी बोध हुन्छ। त्यसरी नै भूमण्डल र बोटबिरुवाका रचयिता पनि अरु कोही प्राणी नभएर परमात्मा ईश्वर नै हुन् भन्ने प्रमाणित हुन्छ।

यसरी ईश्वरको अस्तित्व प्रमाणित भइसकेपछि तिनै ईश्वरको मनन ध्यान आदि गरी मोक्ष प्राप्त गर्न सकिन्छ।

## च. न्यायदर्शन

महर्षि अक्षपाद गौतमद्वारा प्रतिपादित न्यायदर्शनको लक्ष्य पनि वैशेषिक दर्शन कै सिद्धान्त जस्तै मुक्ति प्राप्ति हो। अनुमान प्रमाणद्वारा ईश्वरको अस्तित्व सिद्धि गरिकेपछि तिनै ईश्वरको चिन्तन, मनन र निदिध्यासन गरेर मुक्ति प्राप्ति गर्न सकिन्छ।

वैशेषिक दर्शन र न्यादर्शन बीच असमानता केबल पदार्थ मान्ने कुरामा मात्र रहेको छ। बैशेषिक दर्शनले 'द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय र अभाव' यी सात पदार्थ मान्ने गरेका छन् भने न्यायदर्शनले 'प्रमाण, प्रमेय' आदि सोह्र पदार्थ मान्ने गरेका छन्।

वैशेषिक दर्शनमा सात पदार्थ मध्ये 'विशेष' भन्ने एउटा पदार्थ मानिएको छ। त्यसैको नामबाट दर्शनको नाम पनि वैशेषिकदर्शन हुन गएको हो भनिन्छ।


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

## छ. गायत्रीदर्शन

माथि अध्यात्मवादी ६ वटा दर्शनका मूलसिद्धान्तहरू क्रमशः अतिसंक्षिप्त रूपमा प्रस्तुत गरिए। यसपछि यी ६ वटै दर्शनको गायत्रीमन्त्रसंग के कस्तो सम्बन्ध रहेको छ भन्ने कुरा पनि बुझ्नु महत्त्वको हुनेछ। गहिरिएर हेर्ने हो भने ती ६ वटै दर्शनहरूको जन्म गायत्रीमन्त्रबाट नै भएको बुझ्न सकिन्छ, अर्थात्, षड्दर्शनकी जननी गायत्री नै हुन्। अब यिनै कुरालाई केलाएर हेर्ने प्रयत्न गरिन्छ।

गायत्रीमन्त्रमा तीन प्रमुख मननीय शब्द रहेका भेटिन्छन्,

१. 'तत्' ('भर्गः' शब्दको सार्वनामिक विशेषणरूप नपुंसकलिङ्गीशब्द)
२. 'यः' (प्रचोदन क्रियाको कर्ता पुंल्लिङ्गीशब्द)
३. 'धियः' (प्रचोदन क्रियाको कर्मस्वरूप द्वितीयान्त स्त्रीलिङ्गी तथा बहुवचनान्तशब्द)

यी तीन गम्भीर अर्थपूर्ण शब्दहरूमध्ये प्रत्येक शब्दबाट दुई दुई अध्यात्मवादी दर्शनशास्त्र निकालिएर षड्दर्शन जन्मेका देखिन्छन्। यसका अतिरिक्त स्वयं गायत्री पनि षड्दर्शनदेखि छुट्टै सप्तम वा आदिम दर्शनको रूपमा देखिन्छन्। यहाँ यिनै कुरा प्रस्तुत गर्न प्रयास गरिन्छ।

अ) प्रथमतः मन्त्रान्तर्गत 'तत्' शब्दलाई नियालौं, 'तत्' शब्द मन्त्रान्तर्गत 'वरेण्यं भर्गः'लाई औल्याउने शब्द हो। यसको आशय सूर्यका असंख्य किरणहरूमा एक 'वरेण्यं' सर्वोत्कृष्टं भर्गः अर्थात् मूलतत्त्वात्मक तेजोरूप अर्थ बुझाउने मूलतत्त्वरूप 'भर्गः' को नै निरन्तर ध्यान गर्नुपर्छ भन्ने भाव देखिन आउँछ। यहाँ त्यही नपुंसकलिङ्गी ब्रह्मरूपलाई चिनेर ध्यान



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दै गएमा ब्रह्मप्राप्ति हुन्छ भन्ने सिद्धान्त वेदान्त दर्शनको रहेको छ। त्यस्तै मीमांसादर्शनमा पनि यागादि कर्म गरेर ब्रह्मप्राप्ति गर्ने लक्ष्य बताइएको छ। यसबाट वेदान्त र मीमांसादर्शन गायत्रीबाट नै जन्मेका भन्न सकिन्छ।

आ) यसपछि सांख्य र योगदर्शनको कुरा आउँछ। सांख्यदर्शनको सिद्धान्तानुसार कूटस्थ पुरुष (आत्मा) भ्रमवश प्रकृतिका कार्यहरू आफूले गरेको संझेर अज्ञानमा फस्दछ, अनि कूटस्थ (अलग) रहेर पनि 'मसुखी, म दुःखी' भएको अनुभव गरिरहन्छ।

गायत्रीमन्त्रमा 'यः' पुंल्लिङ्गी शब्द (पहिले ब्रह्मबोधक नपुंलिङ्गी 'तत्' कै लिङ्गपरिवर्तितरूप शब्द) कूटस्थ पुरुषले मन्त्रान्तर्गत 'धियः' अर्थात् महत्तत्त्वरूप प्रकृतिलाई प्रेरणा देओस् भनी मन्त्रमा बताइयो, जुन सांख्यदर्शनको पुरुषको सान्निध्यबाट जड प्रकृति पनि सक्रिय हुन्छ भन्ने सिद्धान्त रहेको हो। यसरी गायत्रीमन्त्रमा सांख्यदर्शन र योगदर्शनको पनि सिद्धान्त कैवल्य प्राप्तिको कुरा सूक्ष्मरूपमा व्यञ्जित भएको पाउन सकिन्छ।

इ) तदनन्तर बैशेषिकदर्शन र न्यायदर्शनको सिद्धान्तानुसार अनुमानद्वारा 'यः' पुंल्लिङ्गी शब्द बुझाउने ईश्वरलाई चिन्नु र बुझ्नु पर्दछ भन्दै 'धीमहि' शब्द रहेको छ। तदनुसार ईश्वरको ध्यान गरेर मोक्षप्राप्ति गर्न सकिने कुरा मन्त्रमा अप्रत्यक्षरूपमा बताइएको छ।

यसरी गायत्रीमन्त्रबाट ६ वटै अध्यात्मवादी दर्शनहरूका सिद्धान्त जन्मेका देखिन्छन्।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ई) गायत्रीदर्शनको चिनारी

वर्तमान विश्वसंसार कसरी संचालित भइरहेको छ भन्ने विषयको सिद्धान्तलाई नै 'दर्शन' (फिलोसफी) भनिन्छ। आधुनिक वैज्ञानिक विद्वान्हरूद्वारा प्रवर्तन गरिएका भौतिकवादी दर्शन तथा प्राचीन ऋषिमुनिहरूद्वारा प्रवर्तित अध्यात्मवादी दर्शनहरूले जुन भिन्ना भिन्नै सिद्धान्तहरू प्रचारमा ल्याइएका छन्, ती मध्ये गायत्रीदर्शन पनि एक हो।

तदनुसार विश्व ब्रह्माण्डहरू शून्य अवस्थामा छँदा चरम मूलतत्त्वरूप 'वरेण्यं भर्गः' मात्र एक थियो, जसलाई कुनै प्रकारले पनि टुक्र्याउन सकिँदैनथ्यो। त्यस मूलतत्त्वलाई वेदले 'अदिति' भन्ने गरियो, जस्तै,

**अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्माता स पिता स पुत्रः।**
**विश्वेदेवा अदितिःपञ्चजना अदितिर्जातमदितिर्जनित्वम् ॥**

यहाँ विश्वका सबै नै अदिति हुन् भनिए पनि पुराणहरूले अदितिलाई देवमाता भन्ने गरिएको छ। वास्तवमा 'दो' 'अवखण्डने' अनुसार 'दो' धातुमा 'क्तिन्' प्रत्यय लागेर 'दिति' शब्द बन्दछ। त्यसपछि 'नञ्' जोडिए पछि 'अदिति' बन्दछ। यसबाट अदिति बाहेक 'सर्वमुत्पादि भङ्गुरम्' भने झैं एकमात्र अदिति अविनाशिनी तथा अरु सबै विनाशशील हुन् भन्ने कुरा स्पष्ट हुन आउँछ। यसको अभिप्राय यही हुन आउँछ कि मूलवीजरूप एकमात्र अदिति अविनाशिनी हुन् र चरम सूक्ष्म तेजोरूप हुन्। यही कुरा गायत्रीमन्त्रभित्रको 'वरेण्यं भर्गः' ले स्पष्ट पार्दै त्यसैको ध्यान गर्नुपर्ने कुरा बताइयो।


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँनिर गायत्रीमन्त्रमा भौतिक विज्ञानका मूल रहस्यात्मक कुराको पनि सूक्ष्मरूपमा संकेत गरिएको पाउन सकिन्छ भन्ने कुरा पनि बुझ्नु पर्ने हुन्छ । आधुनिक वैज्ञानिक विद्वान्हरूले गम्भीर अध्ययन अनुसन्धान गर्दै जाँदा कुनै पनि वस्तुलाई टुक्र्याउँदै जाँदै गर्दा अन्तिम अवस्थामा पुग्दा त्यस वस्तु विद्युत्कणमा परिवर्तित हुन्छ भन्ने गरिएको छ । अर्थात् पृथ्वी (माटो, ढुंगा, काठ आदि) पानी, तेज, हावा यी चारैका स्थूलरूप वस्तु टुक्रिँदै अन्तिम कणमा पुग्दा एकै विद्युत्परमाणुमा परिणत हुन्छ ।

गायत्रीमन्त्रमा 'वरेण्यं भर्गः' सर्वोत्कृष्ट तेजःकणरूपबाट नै अपरिमित विशाल सूर्य पनि बनेको हो, अतएव सूर्य अदितिपुत्र आदित्य कहलिए । त्यसकारण त्यस मूलतत्त्वात्मक वरेण्यं भर्गः सम्पूर्ण वस्तुहरूको पनि मूलतत्त्व हो भन्ने कुरा स्पष्ट हुन आउँछ । त्यसै मूलतत्त्वको नामबाट तत् आदिम मन्त्रलाई गायत्रीमन्त्र भनी संबोधन गरिएको हो । यसबाट सम्पूर्ण आध्यात्मिक, भौतिक आदि यावत् वस्तुहरूको मूलतत्त्वको परिचायिका पनि गायत्री नै हुन् भन्ने प्रमाणित हुन्छ ।


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# गायत्रीमन्त्रको प्रायोगिक विशेषता

पहिले बताइएका आदिम ऋषिहरूको परंपरानुसार यज्ञादि अनुष्ठान कार्य गरेर शिष्यले जीवनमा पालन गर्नु पर्ने नियमहरू सर्वदा अटूटरूपमा पालन गर्ने कबूल गरेर मात्र गुरुमुखबाट विशेष विधिपूर्वक गायत्रीमन्त्र प्राप्ति गर्नु पर्ने नियम रहेको थियो रे, साथै त्यही नियम नै परंपरागतरूपमा हिजोआज पनि चलिरहेको छ ।

ती स्वीकार गरेर पालन गर्नु पर्ने नियमहरू ज्यादै अर्थपूर्ण रहेका छन् । प्रथमतः नित्य त्रिसन्ध्यावन्दन गरी गायत्रीमन्त्रको जप दशधा, शतधा, सहस्रधा संख्या, अथवा आफ्नो श्रद्धानुसार ती भन्दा पनि बढी गर्न सकिन्छ । यसरी जप संपन्न गर्दै जाँदा मन्त्रधारी व्यक्तिमा ब्रह्मतेज, अर्थात् वाक्सिद्धि आदि विविध शक्ति प्रज्वलित (उत्तेजित) भएर प्रभावकारि व्यक्तित्व बढ्ने विश्वास गरिएको छ ।

यसरी नियम पालन गरेर अन्तर्हृदयदेखि नै श्रद्धा जगाएर तथा समाजमा वर्जित मानिएका खाद्यवस्तुहरू नखाने तथा सच्चरित्रता अपनाउँदै क्रोध, दुराग्रह, असत्यवचन तथा दुश्चरित्रता आदि पूर्णरूपले त्याग्न संयमित हुन प्रयत्न गर्ने आदि कार्यमा लाग्नु अनिवार्य मानिन्छ, अन्यथा सिद्धिप्राप्ति हुन सक्दैन भन्ने धारणा लिइएको छ । इति ।

(यसपछि संस्कृतमा लेखिएको 'गायत्रीदर्शनम्' कृति नेपालीमा रूपान्तरित गरी प्रस्तुत गरिन्छ ।)



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# गायत्रीमन्त्र जपानुष्ठानको महत्त्व

वेदग्रन्थभित्र रहेको गायत्रीमन्त्रलाई हाम्रा प्राचीन ऋषिमुनिहरू लगायत हाम्रा पूर्वज विद्वान्हरूले पनि अति पावन मन्त्रको रूपमा मान्दै आइरहेका थिए र आज पनि छन् । मन्त्रलाई निःस्वरोच्चारण गर्दै श्रद्धासाथ जप गर्नाले जपकर्ताको हृदय र शरीर पनि स्वच्छ पवित्र हुनेछन् भन्ने मान्यता रहेको छ । यतिमात्र होइन, नित्य जपानुष्ठानबाट जपकर्तामा जुनसुकै कठिन कुरा पनि बुझ्न सक्ने क्षमता, कठिन कठिन कार्य पनि पूरा गर्न सक्ने शक्ति तथा कुनै पनि वस्तुलाई उचित कार्यमा सदुपयोग गर्न सक्ने ज्ञान पनि उत्पन्न हुनेछन् भन्ने कुरा पनि विद्वान् अनुभवीहरूबाट भन्ने गरिएको छ । भनिन्छ, प्राचीनकालीन वननिवासी मुनिहरूले यिनै गायत्री मन्त्रको जपानुष्ठानहरू संपन्न गर्दै त्रिकालदर्शी, मृत्युजित्सम्म पनि बनेका थिए रे । त्यसकारण गायत्रीमन्त्रको विषयमा गम्भीररूपमा अध्ययन तथा मनन गर्नु पर्ने कुरा हामीलाई महसूस हुनु स्वाभाविक कुरा नै हो ।

सर्वप्रथम गायत्रीमन्त्रमा औंल्याइएको आराध्यदेवलाई चिन्न प्रयत्न गर्नु परम आवश्यक हुन्छ । 'बल्नु' अर्थ बुझाउने 'दिव्' धातुबाट बनेको देव शब्दबाट बुझाइने देवताहरू सबै नै सूर्यदेवका विविध प्रभावकारी किरणहरू हुन् भन्ने कुरा बुझ्न सकिन्छ, किनभने सबै किसिमका तेजहरूको मूलस्रोत सूर्य नै हुन् भन्ने कुरा प्रसिद्ध नै छ, यसको अतिरिक्त हाम्रो आधार मानिएको भूमण्डल पनि सूर्यबाटै नै सञ्चालित छ भन्ने कुरा पनि सबैले अनुभव गर्दै आइरहेको कुरा



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । आधुनिक ज्योतिःशास्त्रीहरूले पनि संपूर्ण ग्रहमण्डल सूर्य कै आधारमा गतिमान् बनेर विविध राशिहरूमा पुगिरहेका हुन्छन् भनी स्वीकारी रहेका छन् नै ।

यसै प्रसङ्गलाई ध्यानमा राखेर हेर्दा गायत्रीमन्त्रमा पनि सूर्यको सर्वोत्कृष्ट किरणकै आराधना गर्नुपर्ने कुरा बताइएको हामी पाउँदछौं । जस्तै, 'तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि' ।

सूर्यको उत्पत्ति विषयमा वेदले बताएको छ, –

**हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत्**
**स दाधार पृथिवीं द्यामुतेमां, कस्मै देवाय हविषा विधेम ।**

**शुक्ल यजुर्वेदको पच्चीसौं अध्यायको दशौं कण्डिका,**

यस कण्डिकाको भावार्थ यही हुन्छ कि, तेजःपुञ्जरूप सूर्य सबभन्दा पहिले जन्मेका थिए, ती सूर्य सबै भूतजगत्का संचालक वा स्वामी बनेर यस पृथ्वी, आकाश र वायुमण्डलव्याप्त अन्तरिक्ष पनि धारण गर्दै रहे । त्यसकारण तिनै सूर्यदेवलाई हामी यज्ञद्वारा संमान गरौं ।

यस भनाइबाट के बुझ्न सकिन्छ भने सूर्यको आराधना, पूजा गरेपछि अन्य संपूर्ण देवताहरूको पनि पूजा गरिएको हुन जानेछ, अर्थात् सूर्यबाट निक्लेका विविध प्रभावकारी किरणहरू नै विविध नामका देवताहरू हुन् । त्यसै सूर्यको नाम 'सहस्रांशु' अर्थात् हजारौं अनगिन्ती (तेतीसकोटी) देवताहरूको समष्टि स्वरूप हुन् ।

त्यस्तै अर्को एउटा कुरा पनि यहाँ स्मरणीय छ कि, सूर्यलाई 'आदित्य' पनि भनिन्छ । यसको अर्थ अदितिबाट जन्मेको



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नु हो । 'अदिति' शब्दको अर्थ नटुक्रिने भन्ने बुझिन्छ । यसको मतलब यही हुन आउँछ कि कुनै पनि ठोस वस्तुलाई टुक्र्याउँदै जाँदा अन्तिममा सूक्ष्मविद्युत्परमाणुको रूपमा परिणत हुनेछ, भनिन्छ । त्यस विद्युत्परमाणु नटुक्रिने भएको हुनाले त्यसलाई 'अदिति' भनियो । यसरी तेजःपुञ्जरूप सूर्य पनि तिनै विद्युत्परमाणुबाट नै बनेका हुंदा सूर्यलाई आदित्य भनिएको बुझ्न सकिन्छ ।

सूर्यको विषयमा अर्को एउटा वैदिक ऋचा यहाँ प्रस्तुत गर्नु उपयुक्त हुने छ ।

**सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात् ।**
**सभूमिं सर्वतस्पृत्वाऽत्यतिष्ठद्दशाङ्गलम् ॥**

हजारौं शिर, आँखा, पाउ भएका पुरुषरूप देव भूमिसहित सबै ठाउँमा व्याप्त भएर बसेका छन् । अर्थात् पुरुषरूपमा रेखदेख गरी बसेका छन् । भन्ने भाव उक्त ऋचाबाट बुझ्न सकिन्छ ।

यसबाट पनि के बुझ्न सकिन्छ भने ती मूलतत्त्व अदितिको रूपमा सृजनकर्ता माता र रक्षणकर्ता पिता पनि बन्ने गर्दछ । सांख्यदर्शनले प्रकृति र पुरुष दुईको पारस्परिक सहयोगबाट संसारको सृजना भएको बताएको छ भने यहाँ गायत्रीदर्शनले तिनै एकमात्र नै भिन्न भिन्न रूपमा रही सृजना र रक्षणको कार्य पनि गर्दछन् भन्ने गरिएको छ । अर्थात् प्रकृति र पुरुष भिन्न भिन्न होइनन् एउटै हो ।

यसपछि गायत्रीमन्त्रको हाम्रो जीवनसंग कस्तो संबन्ध रहेको छ र संसारको सृजना कसरी भयो तथा गायत्रीमन्त्रको जपानुष्ठानविधि के कस्तो रहेको छ, इत्यादि कुरा पुष्पसंख्याको नामबाट क्रमशः प्रस्तुत गरिनेछ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# जीवनप्रकाशिनी गायत्री

मानिसहरू आफ्ना सन्तानहरूलाई सच्चरित्रताका पाठहरू पढाउँदै अनेक उपदेशहरू दिने गर्दछन्, तर 'परोपदेशे पाण्डित्यम्' भने जस्तै आफू नै
काम क्रोध लोभ आदि दुर्गुण त्याग्न सक्दैनन् र दुश्चरित्रताका कार्यहरूमा फसिरहन्छन् । प्राचीनकालका ऋषिमुनिहरूले नैतिकताका शिक्षा सम्बन्धी ग्रन्थहरू नै लेखेर गएका छन्, तर ती तपस्वी ऋषिहरू नै अप्सराहरूको रूपलावण्यमा फसेर तपस्या नै छाडी मोहमा भुल्न पुगेका उदाहरण स्वरूप कथाहरू पुराणादिमा पाइन्छन् । त्यस्तै कति ऋषि त कसैको सानो क्षमायोग्य भूल प्रति नै क्रोधाभिभूत हुंदै अन्यायपूर्ण तरीकाले खतरनाक शाप दिन पुगेका उदाहरण पुराणादिमा बताइएका छन् । ती त्यागी वनवासी संयमी ऋषिहरूको त यस्तो हालत हुन्छ भने सांसारिक मायामोहमा भुलेर बसेका गृहस्थ मानिसहरूको के कुरा गरौं ।

यी कुरालाई ध्यानमा राखेर गृहस्थहरूका छोराहरूलाई यौवन अवस्थामा प्रविष्ट हुन लाग्ने बित्तिकै 'ब्रतबन्ध' संस्कार गराएर कौपीन (लगौंटी) धारण गराउँने कार्य गरिन्छ । विशेष गरेर ब्राह्मणका संतानलाई त कुलका ज्येष्ठ पुरुष (थकाली) ले ब्रतबन्ध संस्कार कार्यमा वटुलाई गायत्रीमन्त्र श्रावण गर्दै नित्य सन्ध्यावन्दनादि विधिहरू पनि नियमित अटूटरूपमा गर्नु पर्ने शिक्षा पनि दिने गरिन्छ । तर ती मन्त्रहरूका अर्थ र अभिप्राय के-कस्तो रहेको छ भन्ने कुरा भने वटुलाई सिकाउने तिर ध्यानै दिइँदैन । विशेषतः गायत्रीमन्त्र भित्र रहेका रहस्यपूर्ण



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थको ज्ञान कहिल्यै दिइँदैन, यो हाम्रो समाजको महान् भूल हो । यस्तै किसिमका विवेकहीनताले गर्दा ती वटुहरू धेरै संख्यामा पथभ्रष्ट हुन पुगेका कुरा समाजमा देखिने भइरहेको छ । त्यसकारण यहाँ गायत्रीमन्त्रको हाम्रो जीवनसंग के कस्तो सम्बन्ध रहेको छ र त्यसले औंल्याइएका कुरा कति महत्त्वपूर्णका छन् आदि कुराहरू प्रस्तुत गर्न यहाँ प्रयास गरिन्छ ।

मानिसको शरीरमा पाउदेखि शिरसम्म व्याप्त भएर जुन चैतन्य फैलिएर रहेको छ, त्यसलाई दार्शनिकहरूले आत्मा भन्ने गरिएको छ । त्यो एक प्रकारको सूक्ष्मज्योतीरूप चैतन्य हो । त्यसलाई वेदान्त दर्शनले 'ब्रह्म', सांख्याचार्यहरूले 'पुरुष' र नैयायिकहरूले 'कर्ता' भन्ने गरेका छन् । अनि वेदान्तमा ब्रह्म ज्ञानरूप, साँख्यदर्शनमा साक्षिरूप तथा न्यायवैशेषिक विद्वान्हरूले ज्ञानाधिकरणा कर्तृरूप आत्मा भनेर व्याख्या गरेका छन् ।

गायत्रीमन्त्रले 'तत्' नपुंसकलिङ्गी शब्दद्वारा ज्ञानरूप, 'यः' पुंल्लिङ्गी शब्दले साक्षिरूप कर्ता तथा 'धियः' स्त्रीलिङ्गी बहुवचनान्त शब्दद्वारा विविध 'प्रकृतिरूप' भन्ने कुरा इङ्गित गरेको छ । यस कुराबाट गायत्रीमन्त्रमा हाम्रो जीवनको मूलरहस्य लुकिरहेको रहेछ भन्ने कुरा स्पष्ट बुझिन आउँछ ।

अब यहाँ गायत्रीमन्त्रान्तर्गत शब्दहरूका अर्थ तथा अभिप्रायको र हाम्रो जीवनमा कस्तो रहस्य लुकिरहेको छ भन्ने कुराको पनि विश्लेषण गर्न प्रयत्न गरिन्छ ।

हाम्रो जीवनको तीन अवस्था र तीन गति हुन्छन् । ती मध्ये पहिलो अवस्था र पहिलो गतिको रूप औंल्याउने शब्द गायत्रीमन्त्र अन्तर्गत व्याहृतिमा रहेको 'भूः' हो । यसो भन्नुको



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिप्राय हामी पाञ्चभौतिक जीवन लिएर जन्म लिने बित्तिकै भुइँमा पर्ने र जहाँ तहीं माथिल्लो ठाउँबाट तलतिर भुइँमा खस्ने डर संधै रहिरहन्छ । कदाचित् भुइँबाट माथितिर उफ्रि हाले पनि पुनः अधःपतन भएर भुइँमा परिहाल्छौं । त्यसैले त भनियो, 'भूमौ स्थितस्य पतनाद् भयमेव नास्ति' । यसरी पतनोन्मुख जीवनलाई नै हामीले जीवितावस्थाको जीवन भनेर आइरहेका छौं ।

त्यसपछि जीवनको दोस्रो अवस्था र गतिलाई औंल्याउने शब्द मन्त्रमा 'भुवः' शब्द रहेको छ । यहाँ 'भुवः' को अर्थ वायुमण्डल व्याप्त आकाशको भाग, अन्तरिक्ष हो । यहाँ अन्तरिक्ष शब्दको अर्थ आधुनिक वैज्ञानिकहरूले जस्तोसुकै अर्थ लगाएतापनि वेदले वायु बहिरहने आकाशको भाग नै अन्तरिक्ष मानेको छ, जस्तै 'नमोऽस्तु रुद्रेभ्यो येऽन्तरिक्षे येषां वात इषवः' इत्यादि । यस 'भुवः' शब्दको अभिप्राय अनुसार हामी के बुझ्न सक्दछौं भने मरणोन्मुख मानिसको मृत्यु हुंदा उसको पाञ्चभौतिक शरीरबाट शरीरव्यापी चैतन्ययुक्त वायवीय शरीरधारी अन्तरिक्षमा तिर्यग्गति (तेर्सो गति) ले विचरण गर्दछ, जुन वायवीय शरीरलाई गरुड पुराणादिमा 'प्रेत' भन्ने गरिएको छ । जस्तै :-

अंगुष्ठमात्रः पुरुषो हाहा कुर्वन्कलेवरात् ।
तदैव गृह्यते याम्यैः पश्यन् देहं स्वकं गृहम् ॥

यहाँ 'अङ्गुष्ठमात्रः पुरुषः' भन्नुको अर्थ बुढी औंला जतिको बायवीय शरीर धारण गर्ने प्रेतरूप चैतन्य हो ।

यस कुराबाट के थाहा पाउन सकिन्छ भने जीवनको द्वितीयावस्था प्रेतावस्था हो भने गति तिर्यक् । अर्थात् तेर्सो तेर्सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्र जाने आउने तर तल जमीनमा र वायुमण्डलबाट माथिको आकाशमा जान नसक्ने हो ।

यस्तै क्रमले प्रेतावस्थामा पुगेको व्यक्तिले वायवीय शरीर धारण गरेको कारणले पृथ्वीमा रहेका वस्तुहरू छुन सक्दछ, तर हेर्न सक्दैन । किनभने वायुमा स्पर्श (छुने गुण) र आवाज सुन्न सक्ने दुइटा गुण मात्र हुन्छन् । यसैले प्रेतावस्थामा पुगेको जीवले मानिस र वस्तु छोएर अथवा आवाज सुनेर मात्र थाहा पाउने गर्दछ । यसको साथै त्यस्तो प्रेत भुइँमा बस्दैन पनि, केवल अन्तरिक्षमा अर्थात् वायुमण्डल भएको भुइँ भन्दा माथि आकाशमा मात्र यता र उता गरी हिंडिरहन्छ । यस विषयमा एउटा उदाहरण श्रीमद्भागवतमाहात्म्यको कुरा प्रस्तुत गर्नु उपयुक्त होला ।

**सप्तग्रन्थियुतं तत्रापश्यत्कीचकमुच्छ्रितम्,**
**तन्मूलच्छिद्रमाविश्य श्रवणार्थं स्थितोह्यसौं ॥**
**वातरूपी स्थितिं कर्तुमशक्तो वंशमाविशत्,**
**कृत्वापि द्वादशस्कन्धश्रवणं प्रेततां जहौ ॥**

श्रीमद्भागवतको कथा सुन्न भनेर आएको प्रेत वायवीयशरीरधारी भएको हुंदा आकाशमा स्थिर भएर रहन सकेन । त्यसपछि त्यहीं ठडयाइराखिएको बाँसमा प्वाल देखेर त्यहीं भित्र पसी स्थिर भएर बसी सात दिनसम्म नियमित रूपले कथा सुनी त्यसको पुण्यफलद्वारा प्रेतत्वबाट मुक्त भयो ।

जीवनको दोस्रो अवस्थाको बारेमा यहाँ निर एउटा मननीय कुरा के रहेको छ भने पञ्चतत्त्वबाट बनेको शरीरको मृत्यु समय आइपुगेपछि स्वभावैले हुन्छ, तर मृत्युपछि वायवीय


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीर लिएर प्रेत बनी यताउता अन्तरिक्षमा हुर्रिएर अस्थिर भई बसिरहनु दुःखदायी हुनुको साथै त्यस वायवीय शरीर (प्रेतशरीर) बाट मुक्ति प्राप्त गर्नु सहज पनि हुंदैन भन्ने शास्त्रज्ञहरूको विचार रहेको छ। त्यसैले प्रेतावस्थाबाट मुक्ति प्राप्त गर्नको लागि अनेकौं पुण्यकर्महरू जीवितावस्थामा नै गर्नु पर्दछ भनिएको छ, अन्यथा अन्तरिक्षमा कहिले हिउँ भन्दा पनि शयगुना चीसो, कहिले भने आगामा पोलिएको फलामको डल्लोको जस्तो ताप सहनु पर्ने हुन्छ। आकाशमा सूर्यको दूरता र निकटताको कारणबाट थरीथरीका पीडाहरू भोगिरहनु पर्ने हुन्छ। यस्तै दुरवस्था भोगेर पनि सरल तरीकाबाट छोटो समयमै प्रेतत्वबाट मुक्ति प्राप्त गर्न सकिंदैन। त्यसैले भनिन्छ, मृत्युपश्चात् प्रेतत्वमा रहन नपरोस् भन्ने कामनाले जीवित अवस्थामै धर्मकर्महरू गर्नु पर्दछ भन्ने  गरिन्छ। यस कुराबाट प्रेतहरू वायवीय शरीरका हुन्छन् भन्ने कुरा बुझ्न सकिन्छ। यसरी प्रेतावस्थामा पुगेको जीवले आफ्नो वायवीय शरीरबाट मुक्ति पाएपछि त्यो 'जीव' केवल चैतन्यरूप अर्थात् सूक्ष्मज्योतीरूप बनी ऊर्ध्वगति प्राप्त गरी वायुमण्डलव्याप्त आकाशबाट पनि माथि पुग्नेछ, त्यसैलाई स्वर्ग प्राप्ति अथवा देवत्वप्राप्ति भनिन्छ। यसरी गायत्रीको व्याहृति अन्तर्गतको 'स्वः' शब्द अनुसार जीवनको तृतीयावस्था देवत्वप्राप्ति हो भन्ने कुरा बुझ्न सकिन्छ।

यस विषयमा केही चिन्तक विद्वान्हरू प्राणीहरूको पूर्वजन्म र परजन्म हुने गर्दछन् भन्ने कुरामा विश्वास गर्ने गर्दछन्। तदनुसार हरेक प्राणीले पूर्वजन्ममा गरेका धर्म, पापका फलहरू वर्तमान जीवनमा, तथा वर्तमान जीवनमा गरिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म, पापका फलहरू परजन्ममा, भोग्नु पर्ने हुन्छ । यस कुरामा विश्वास गर्नेहरूले वर्तमान जीवनमा असल काम गरेर मर्न सके अर्को जन्ममा सुख ऐश्वर्य प्राप्त गर्न सकिने संझेर पापकर्मबाट टाढा रही असल काममा लाग्ने एकथरी छन् भने कोही जीवनान्तरको कुरा अवास्तविक संझेर वर्तमान जीवनकालमा नै अनावश्यक धर्मपापका काल्पनिक कुरातिर नलागी 'ऋणं कृत्वा घृतं पिवेत्' अर्थात् ऋण काढेर भए पनि सुख भोग गर्नु पर्ने नैतिकताहीन सिद्धान्त लिएर समाजमा निन्दित ठहरिएका कर्महरू समेत गरेर सुख भोग्न तयार हुने पनि देखिन्छन् ।

तर ब्रह्मगायत्री धारण गरिरहेका व्यक्तिहरू भने गायत्री मन्त्र जप नै जीवनको मूल लक्ष्य संझी त्रिसन्ध्या गर्नुको साथै गायत्री जपमा सदा संलग्न रहने गर्दछन् र यसैबाट जीवनका कल्मषहरू पखालिएर स्वच्छ पवित्र जीवन बाँच्नुको साथै जीवनान्तरमा परमपद प्राप्त गर्न सकिने कुरामा विश्वास राख्दछन् । यस किसिमका परंपरावादीहरू आधुनिककालमा पनि कहीं कहीं पाइन्छन् ।

दार्शनिक विद्वान्हरू भने संसारको सृष्टि किन र कसरी भयो भन्ने कुरा थाहा नपाइकन 'परब्रह्मको इच्छा हो' भन्दै अन्धविश्वासको आधारमा धार्मिक कार्यहरू गर्नतिर लाग्नु उचित ठान्दैनन् । त्यसकारण यहाँ संसारको सृजनाको रहस्यमय कथा के हो भन्ने कुरा गायत्रीमन्त्रको गम्भीर अध्ययन गर्दै त्यसको आधारमा दार्शनिकतायुक्त दृष्टिकोण प्रस्तुत गर्ने जमर्को गरिन्छ ।

हामीले अनुभव गरिरहेकै कुरा हो, यस दृश्यमान जगत्मा जन्म लिएका हामीभन्दा पुराना पुरुषहरू क्रमशः एक एक गर्दै



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृत्यलोकमा जाँदै गरिरहेका छन् । हामीलाई यो पनि थाहा छ कि एकदिन आधुनिक प्राणीहरू र आधुनिक निर्मित वस्तुहरू पनि एक एक गर्दै बिलाएर जाने छन् । यो निश्चित कुरा हो । अझ भनौं, एकदिन हाम्रो आधारभूत भूमण्डल पनि विनष्ट भएर अस्तित्वहीन हुनेछ । यसै यथार्थ कुरालाई लिएर नै यस भूमण्डलको एउटा नाम 'जगत्' भन्ने रहन गएको छ, अर्थात् गमनशील अथवा विनाशशील भन्ने अर्थ बुझाउने 'जगत्' शब्द रहेको छ । तर पनि यस जगत्को सृष्टि कसरी भयो भन्ने कुरा भने रहस्यपूर्ण नै रहेको कुरा विद्वान्हरू ठान्दछन् ।

अब यहाँ गायत्रीमन्त्रले त्यस रहस्यको बारेमा के कस्तो कुरा अप्रत्यक्षरूपमै भए पनि औंल्याइ रहेको छ भन्ने कुरा थाहा पाउन प्रयत्न गरिन्छ ।

यस भूमण्डल लगायत संपूर्ण ब्रह्माण्डहरू पनि टुक्रिँदै जाँदा अन्तिम अवस्थामा त्यो विद्युत्परमाणुमा परिणत हुन्छ । तर त्यस अन्तिम सूक्ष्मरूप विद्युत्परमाणुमा अपरिमित अकल्पनीय अपार शक्तिहरूका खानी नै लुकिरहेको छ, भनिन्छ 'कर्तुम् अकर्तुम् अन्यथा कर्तुं च समर्थः' । त्यस विद्युत्परामाणुरूप तत्त्वलाई नै आध्यात्मिक दर्शनहरू मध्येको वेदान्त दर्शनमा 'ब्रह्म' भनिएको छ भने प्रकृतिवादी सांख्य दर्शनमा 'मूलप्रकृति' तथा नैयायिकहरूले ज्ञानाधिकरण कर्तृरूप ईश्वर भन्ने गरेका छन् । त्यसपछि वेदमा भने 'अदिति' भन्ने गरिएको पाइन्छ । 'दो' अवखण्डने, अनुसार 'दो' धातुमा (क्तिन्) प्रत्यय जोडिएर 'दिति' शब्द, तत्पश्चात् नञ् लागेर 'अदिति' शब्द बनेको छ । यस व्युत्पत्तिबाट 'अदिति' भन्नुको अर्थ नटुक्रिने, अर्थात्


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
नित्य भन्ने अर्थ बुझिन्छ । यस विषयमा वेदमा भनिएको छ,

**अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्माता स पिता स पुत्रः ॥**
**विश्वदेवा अदितिः पञ्चजना अदितिर्जातमदितिर्जनित्वम् ॥**

यस सूक्ति अनुसार पनि 'अदिति' नित्य, व्यापक तथा स्वतन्त्र पनि छन् भन्ने बुझिन्छ ।

यसरी अदिति नै विश्वको मूलतत्त्व हो भन्न सकिन्छ । तिनै अदितिबाट नै कार्यानुसार सूर्यादि संपूर्ण ब्रह्माण्ड नै बन्ने गर्दछन् भन्ने कुरा बुझ्न सकिन्छ । जस्तै, हाम्रो सांसारिक व्यवहारमा एउटै व्यक्ति घरमा गृहस्वामी, कार्यालयमा कर्मचारी तथा कहीं ज्ञानोपदेशक शिक्षक आदि आदि विविध रूपमा व्यवहृत हुन्छ भने जस्तै एउटै मूलतत्त्वरूप अदिति पनि ब्रह्म, कर्तृरूप परमात्मा, मूलप्रकृति आदि आदि भन्ने गरिएका छन् ।

तदनुसार गायत्रीमन्त्रमा पनि 'अदिति' लाई नै कार्यानुसार 'तत्' ज्ञानरूप नपुंसकलिङ्गी ब्रह्म, तदनन्तर 'यः' कर्तृरूप वा प्रेरकरूप पुंल्लिङ्गी ईश्वर, तथा 'धियः' प्रकृति अर्थबोधक स्त्रीलिङ्गी बहुवचनान्त शब्द प्रयुक्त गरिएका छन् ।

यी कुराहरूबाट हामी के बुझ्न सक्छौं भने, विशाल तेजःपुञ्जरूप सूर्यको उत्पत्ति पनि तिनै मूलतत्त्वात्मक विद्युत्परमाणुरूप अदितिबाट भएको हो, अतएव सूर्यलाई आदित्य भनियो । त्यसरी सूर्यका समेत जननी अदितिरूपलाई गायत्रीमा 'वरेण्यं भर्गः' भनियो, अनि तिनै मूलतत्त्वात्मक भर्गःको ध्यान गर्नु पर्ने निर्देशन पनि मन्त्रमा गरियो । तदनन्तर कर्तृरूप ईश्वर बोधक 'यः' तिनै 'भर्गः' को पुंल्लिङ्गी रूपमा बदलिएर अर्थात् प्रेरकरूपमा परिवर्तित भएको बताइयो । त्यसपछि 'धियः' विविध



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृतिहरूको रूपमा पनि तिनै कर्तृरूप 'यः' नै परिवर्तित भई विविध कार्यहरू संपन्न गरून् भन्ने कुरा गायत्रीमा बताइएको कुरा बुझ्न सिकन्छ । जसरी ब्रह्म र गायत्री, रुद्र र सावित्री, तथा विष्णु र सरस्वती अभिन्न रूपमा हुन् भन्ने गरिन्छ ।

यहाँ स्मरणीय एउटा कुरा के छ भने मन्त्रमा 'धियः' बहुवचनान्त शब्दको प्रयोग हुनुको अभिप्राय पनि गायत्री ज्ञानरूप, सावित्री कार्य संपादन क्षमतारूप तथा सरस्वती कार्य संपादनबाट प्राप्त उपलब्धिलाई सदुपयोग गर्ने क्षमतारूप हुन् भन्ने बुझ्न सकिन्छ ।

यसरी ज्ञानरूप, चैतन्यरूप मूलज्योतिः स्वयं प्रेरित भएर विविध शक्तिरूपमा (विशेषतः गायत्री, सावित्री, सरस्वती रूपमा) परिवर्तित हुन्छ, अनि अपरिमित शक्ति रहेको विश्वको सृष्टि हुन्छ, भन्नुको मतलव यस विशाल भूमण्डल पनि तिनै 'वरेण्यं भर्गः' रूप मूलतत्त्व नै परिवर्तित बनिदिन्छ । यस कुराबाट 'सर्वं ब्रह्ममयं जगत्' भन्ने कुरा सिद्ध हुन आउँछ । गायत्रीको आराधना गर्ने कर्म गर्दा पढिने पद्यमय स्तोत्रमा पनि भनिएको छ, 'गायत्रि ! छन्दसां मातः ब्रह्मयोने् नमोस्तुते' । यस्तै, सावित्री र सरस्वतीको आराधना गर्दा पनि त्यसरी नै पढिन्छ । यस विषयमा प्रसङ्गवश श्रमिद्भगवद्गीताको चतुर्थाध्यायको पहिलो पद्य मननीय रहेको पाइन्छ । जस्तै :-

**इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।**
**विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽव्रवीत् ॥**

यस पद्यको सामान्य अर्थ अनुसार परमात्माले सर्वप्रथम सूर्यलाई योगज्ञान दिनुभयो, त्यसपछि क्रमशः सूर्यले आफ्ना छोरा


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
वैवस्वतमनुलाई, त्यसपछि वैवस्वतमनुले इक्ष्वाकु राजालाई दिई लोकमा फैलिएको हो भन्ने बुझिन्छ । तर गायत्रीदर्शनको सिद्धान्त अनुसार मूलतत्त्वरूप 'वरेण्यं भर्गः' बाट सूर्य जन्मे, त्यसपछि सूर्यबाट क्रमशः वैवस्वतमनु, तथा मनुबाट इक्ष्वाकु राजा हुंदै सर्वसाधारणहरू जन्मे, भन्ने रहस्य अन्तर्निहित देखिन्छ ।

यसबाट मूलतत्त्वरूप विद्युत्परमाणु नै स्वेच्छाले विराट तेजस्वी सूर्यरूपमा परिणत भएको हो भन्ने कुरा बुझिन्छ । यसैले व्यवहारमा र शास्त्रमा पनि सूर्यलाई परब्रह्मको अवतार मान्ने गरिएको छ ।

गायत्रीमन्त्रमा 'तत्, यः, धियः' तीन शब्दको भिन्ना भिन्नै तीनैवटा लिङ्ग हुनुमा पनि रहस्यात्मक भाव लुकेको पाइन्छ । 'तत्' शब्दबाट बुझाइने ज्योतीरूप ज्ञानलाई यदि प्रयोगमा नल्याइने हो भने या केबल जान्नको लागि मात्र हुने हो भने त्यो 'ज्ञान' नपुंसकलिङ्गी हुन्छ । जस्तै 'सत्यं ज्ञान मनन्तं ब्रह्म' । त्यस किसिमको ज्ञानको लागि नपुंसकलिङ्गी शब्द 'तत्' मन्त्रमा प्रयुक्त गरियो । त्यसपछि त्यही ज्ञान कर्तृत्वरूपमा परिणत भई जव कार्य गर्न थाल्छ, तव 'यः' पुंल्लिङ्गी शब्दमा परिवर्तित हुन्छ । अनि विश्वकै कर्ता बन्दछ । जस्तै, 'द्यावाभूमी जनयन् देव एको विश्वस्य कर्ता भुवनस्य गोप्ता' भनियो । त्यसपछि पनि कर्तृत्व मात्र आएर पनि प्रकृतिरूप प्रयुज्य तथा प्रयोजक वस्तु रहेनन् भने काम हुन सक्दैन । त्यसैले विविधशक्तिरूप प्रकृतिहरू स्त्रीलिङ्गी भएका कुरा जनाउँदै गायत्रीमन्त्रमा 'धियः' स्त्रीलिङ्गी तथा वहुवचनान्त शब्द प्रयुक्त गरियो । यसरी यहाँ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिङ्ग व्यवस्था र वचन व्यवस्था आफ्नै किसिमको अर्थपूर्ण रूपमा गरिएको पाइएको छ ।

यहाँनिर एउटा बुझ्नु पर्ने कुरा के छ भने यहाँ नपुंसकलिङ्गको अर्थ निष्क्रिय हुने कुरा बुझ्नु पर्दछ भने पुंल्लिङ्गको आशय क्रियाशील हुनु हो । त्यसपछि स्त्रीलिङ्गको अभिप्राय क्रियाका लागि आवश्यक विषयहरू हुन् भन्ने बुझिन्छ । यसरी अवस्था भेदले एउटा वस्तुको भूमिका पनि फरक हुन सक्दछ ।

यहाँ गायत्रीदर्शनको सिद्धान्त अनुसार अवस्थाभेदबाट तत्, यः, धियः भिन्न भिन्न अर्थबोधक भएर पनि तीनैवटा एउटै हो भन्ने कुरा औंल्याइएको बुझ्न सकिन्छ । यो गायत्रीदर्शनको आफ्नो छुट्टै विशेषता हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# गायत्री जपविधि, अभिप्रायसहित

ब्रह्मलाई जसले चिन्न सक्दछ, त्यसलाई नै ब्राह्मण भनिन्छ । त्यसकारण ब्राह्मणका सन्तान बटुलाई व्रतबन्ध संस्कार गरेर मन्त्रको रहस्य जान्ने आचार्यले गायत्रीमन्त्र कानमा सुनाउँदै जपविधिको बारेमा पनि जानकारी दिने गर्दछन् । यसको अतिरिक्त बिहान, मध्यान्ह तथा साँझ पनि अटूटरूपमा त्रिसन्ध्याकर्म गरेर गायत्रीमन्त्रजप नबिराई गर्नुपर्ने अनुशासनको उपदेश पनि दिने गर्दछन् । यसरी नित्य गायत्री जपानुष्ठान गर्नाले कुनै दिन ब्रह्मसाक्षात्कार हुन सक्ने कुरा पनि उपदेशको रूपमा बताउने गर्दछन् ।

यहाँनिर एउटा विचारणीय कुरा के छ भने गायत्रीमन्त्र श्रवण गराउनु भन्दा पहिले शिष्यलाई अनुशासनको उपदेश दिंदै गुरुले एउटा महत्त्वपूर्णको कुरा के बताउने गर्दछन् भने गायत्रीमन्त्रलाई सदा गोप्यरूपमा राखी अनधिकारी व्यक्तिहरूको सामु मन्त्र सुनिने गरी कदापि पढ्नु हुंदैन भन्ने गरिन्छ । तर कोही आफूलाई महापण्डित संझने व्यक्तिले पाण्डित्य प्रदर्शन गर्दै सार्वजनिक ठाउँमा उच्च स्वरले गायत्रीमन्त्र पढेर त्यसबारेमा व्याख्या समेत गर्दछ भने त्यो अतिनिकृष्ट कार्य ठहरिन्छ । त्यसैले हुन सक्छ, प्राचीन ऋषिमुनिहरूले आफ्ना शिष्य बटुहरूलाई, ती बटुहरू मध्ये चक्रवर्ती राजाकै संतान पनि किन नहोऊन्, जनशून्य एकान्त वनमा लगेर मन्त्र श्रवण गराउनुको साथै मन्त्रका विविध पक्ष संबन्धी ज्ञानोपदेश दिने गर्थे । हिजोआज भने त्यसरी वनहरूमा आश्रमव्यवस्था गर्ने कार्य संभव नै हुन नसक्ने कारणले गर्दा घरमै भए पनि बटुको कानमा अन्य कसैले



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्न नसकिने गरी मन्त्र सुनाउने व्यवस्था गरिने चलन चलाइएको छ । त्यसरी मन्त्र श्रावण गर्दा श्रद्धावान्लाई मात्र मन्त्रदान दिनु वाञ्छनीय हुनु पर्छ ।

यसैले कुनै मन्त्रको विषयमा विस्तृत ज्ञान दिनुपर्ने आवश्यकता परेमा भने मानिसहरूको आवासदेखि टाढा एकान्तस्थलमा बटुहरूलाई लगी मन्त्रको प्रयोग सम्बन्धी ज्ञानहरू दिनु उपयुक्त हुनेछ, किनभने ज्ञान भनेको केवल जान्नको लागि मात्र नभई जीवनमा प्रयोग गर्नको लागि पनि हुनु वाञ्छनीय हुनेछ ।

अव ब्रह्मगायत्रीमन्त्रका मर्मज्ञ आचार्य आफ्ना शिष्यहरूलाई कसरी गायत्रीको शिक्षा दिन्छन् भन्ने कुरा यहाँ प्रस्तुत गरिन्छ ।

सर्वप्रथम मन्त्रप्रति भित्रीहृदयदेखि श्रद्धा र भक्ति लिएर उपस्थित हुन शिष्यहरूलाई आज्ञा गर्छन् गुरु । त्यसपछि गुरुवचनलाई श्रद्धाको साथ जीवनमा स्वीकार गर्न तयार हुन पनि आज्ञा दिन्छन् । जव शिष्यहरू पूर्णरूपले समर्पित बनेर सावधान हुन्छन् तव गुरु 'ॐ ............................ प्रचोदयात्' गायत्रीमन्त्रको श्रवण गराउँछन् ।

त्यसपछि मन्त्रका रहस्य बुझ्ने विद्वान्हरू भन्दछन् मन्त्रमा सर्वप्रथम जुन प्रणवरूप 'ॐ' को उच्चारण गरिन्छ, त्यसको अभिप्राय मन्त्रलाई संमान गर्नु हो । त्यसैले कुनै पनि मन्त्रको प्रणवरहित, अर्थात् ॐ रहित उच्चारण गरिएमा मन्त्रको अपमान गरेको दोष लाग्ने छ ।

तदनन्तर गायत्रीमा व्याहृतिरूप तीन शब्द 'भूः, भुवः, स्वः' (भूर्भुवःस्वः) को उच्चारण गरिन्छ । यी ३ शब्दको क्रमशः


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'भूः' को अर्थ पृथ्वी, 'भुवः' को अन्तरिक्ष (वायुमण्डलव्याप्त आकाशको भाग) हो भने 'स्वः' को दिव्याकाश हुन्। यसो भन्नुको अभिप्राय गायत्रीमन्त्रमा औंल्याइएको मूलतत्त्व तीनै लोक व्यापी अर्थात् सर्वव्यापी हुन् भन्ने हो। चाहे ब्रह्म भनियोस्, अथवा विश्वकर्ता ईश्वर भनियोस्, या संपूर्ण विश्वरूप प्रकृति भनियोस् ती एक नै हुन् नित्य हुन् भन्ने कुरा बुझ्नु पर्दछ।

यस व्याहृति पश्चात् मन्त्रको रहस्यमय भाग उच्चारण गरिन्छ, 'तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्'। यस अंशको अर्थ सूर्यदेवमा अन्तर्निहित सर्वोत्कृष्ट मूलतत्त्वरूप सूक्ष्मतम तेज, अर्थात् 'वरेण्यं भर्गः' अर्थात् सर्वोत्कृष्ट किरणको ध्यान गरौं जसले हाम्रो बुद्धिलाई अर्थात् प्रकृतिलाई प्रेरणा देओस्। यहाँ प्रकृति भनेको अचेतन तर विविध अनन्त शक्तिहरू अन्तर्निहित विषयहरू सबै भन्ने आशय बुझ्नु पर्दछ। अर्थात् विश्व ब्रह्माण्डादि सबै प्रकृति हुन्।

यस भनाइको आशय के हो भने सूर्यका हजारौं हजार, अथवा अनगिन्ती किरण छन्, ती विविध किरणहरू थरी थरी प्रभाव पार्ने खालका हुन्छन्। जस्तै, कुनै रोगनिवारक औषधरूप, कुनै पोषणकारी तथा कुनै ज्ञानवर्धक पनि छन्, भने कुनै प्राणघातक पनि छन् भनी मानिएको छ।

तर ती सबै किसिमका हजारौं, लाखौं किरणहरूमा ज्ञानरूप किरण नै एकमात्र सर्वोत्कृष्ट मूल हुन् र अन्य किरणहरू सबै ज्ञानरूप किरणका छायारूप मात्र हुन्, अर्थात् समुद्रमा देखिने विवर्त (छहरा) जस्तै मात्र हुन् भन्ने गरिएको छ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदनन्तर, त्यस ज्ञानरूप मूल किरणलाई 'सत्यं ज्ञानमनन्तं ब्रह्म' भन्ने गरिएको छ। अर्थात् सदा सत्यरूप, ज्ञानरूप तथा सर्वव्यापी ब्रह्मरूप हुन्। गायत्रीमन्त्रमा चाहिं त्यस मूल किरणलाई 'वरेण्यं भर्गः' भनिएको छ।

अर्थात् गायत्रीमन्त्र धारण गर्ने व्यक्तिहरू हरेक दिन बिहान, मध्यान्ह र साँझ गरी नित्य त्रिसंन्ध्या क्रमैले संपन्न गर्ने गर्दछन्। त्यसमा बिहानको सन्ध्यामा रक्तवर्णकी बाला गायत्रीको ध्यान गर्दछन् भने मध्यान्हमा शुक्लवर्णकी युवती सावित्रीको तथा सायं समयमा कृष्णवर्णकी वृद्धा सरस्वतीको ध्यान गर्दछन्। यसकर्मलाई त्रिसन्ध्या संपन्न गर्ने भनिन्छ। वास्तवमा ती तीनै रूपका गायत्री, सावित्री र सरस्वती तीन प्रकारका सूर्य किरणहरू नै हुन्। त्यसैले ती देवीहरूको ध्यान बोधक पद्यमा 'आयान्तीं सूर्यमण्डलात्' भनिएको छ। त्यस्तै पूर्वशिखरमा गायत्री, उत्तर शिखरमा सावित्री तथा पश्चिम शिखरमा सरस्वती भनी वर्णन गरिएको छ। यसको मतलव यही हुन आउँछ कि सूर्योदयसमयमा उदयाचल शिखरमा देखिने नवोदित सूर्यको शीर्षभागबाट निस्केको जुन प्रथम किरण हो, त्यस किरण नै गायत्रीरूप हुन् र त्यो ज्ञानरूप मूलतत्त्व ब्रह्म हुन् भन्ने गरिएको छ र त्यस ब्रह्मरूप किरणको दर्शन प्राप्त हुने समय भएकोले त्यस समयलाई ब्राह्ममुहूर्त भन्ने गरिन्छ। गायत्रीमन्त्रधारी ब्राह्मणहरूले सूर्योदय हुनु भन्दा पहिले नै नित्यस्नानकर्म सिध्याएर अधोवसन मात्र लगाई नांगो शरीरले पूर्वदिशाको उदयाचल तिर फर्केर आसनमा बसी प्रातःसन्ध्या संपादन गर्दछन्


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा गर्नुपर्दछ। सन्ध्याको क्रम अन्तर्गत न्यास प्राणायाम गरिसके पछि त्यही गायत्रीमन्त्र अन्तर्गत भनिएको 'वरेण्यं भर्गः' लाई रक्तवर्णको बाल किरणलाई आफ्नो मध्यनिधारमा चिन्तन गरेर आँखा चिम्ली अटूट गायत्रीमन्त्र नियमपूर्वक जप गर्दै स्थिर रहनु पर्दछ।

यहाँनिर न्यास, प्राणायामको बारेमा पनि केही जानकारी लिनु आवश्यक हुन्छ।

न्यास कुनै पनि धार्मिक कार्य गर्दा, कार्य गर्ने व्यक्ति मन्त्रधारी हुन् भने, अनिवार्य रूपले संपन्न गर्नु पर्दछ। यस नियम बडो अर्थपूर्ण रहेको छ। किनभने विधिपूर्वक अर्थ र अभिप्राय बुझेर न्यास गर्नाले हाम्रा हातखुट्टा आदि कर्मेन्द्रियहरू र आँखाकान आदि ज्ञानेन्द्रियहरू पनि नियन्त्रणमा रहेर मनलाई एकाग्रतामा राखी काम गर्न महत्त्वपूर्ण योगदान गर्दछ।

मानिसहरूलाई कहिले चीसोले र कहिले गर्मीले शरीरमा अस्थिरता पैदा गराइ दिन्छ, त्यस्तै कडा साह्रो बस्तुहरूको दबाबले पनि शरीरमा पीडाको अनुभव गराई मन चञ्चल बनाइ दिन्छ, यी कुराहरूले हाम्रो मन अस्थिर बनिदिन सक्दछ। त्यसैले सहनशीलताको विकास गराई स्थिरता ल्याउनको लागि करादिन्यास र हृदयादिन्यास संपन्न गरिन्छन्। त्यसैले कुनै पनि अनुष्ठानको कार्य थाल्नु भन्दा पहिले सर्वप्रथम न्यास गर्नु अनिवार्य मानिन्छ। यसको अभ्यासले हामीमा शारीरिक अस्थिरता नियन्त्रण गर्न ठूलो मदत पुग्ने हुन्छ।

न्यास विधिको वारेमा अन्यत्र पूजापद्धतिका पुस्तकहरूमा लेखिएको उपलव्ध हुने भएकोले यहाँ न्यासको अभिप्राय पक्षमात्र प्रस्तुत गर्न प्रयास गरिन्छ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्यास विधि संपादन गर्नाले उपासकहरूको शरीरमा कतै चिलाउने, दुख्ने तथा चीसो वा गर्मीले अस्थिरता ल्याइदिने आदि कुराहरूलाई नियन्त्रण गर्न प्रयत्न गर्ने अभ्यासले सहनशीलताको विकास शरीरमा हुँदै जान्छ।

यसपछि प्राणायामको कुरा गरौं।

प्रातःकालमा सूर्योदय हुन दुई घडी अगावै स्नान संपन्न गरिसकेर अघोवसन (धोती) मात्र लगाई पूर्वाभिमुख भई पद्मासनको रूपमा बसेर न्यास गरिसकेर विधिपूर्वक प्राणायाम गर्नु पर्दछ। प्राणायाम श्वासप्रणालीसंग संबन्धित रहेको छ।

हामीले श्वास फेरिरहंदा नाकको कहिले देब्रे प्वाल र कहिले बायाँ प्वालबाट श्वास तान्ने र फाल्ने गरिन्छ। देब्रे प्वाल खुलिरहेको बेला इडा नाडी खुलिरहेको मानिन्छ भने दाहिने प्वाल खुलिरहेको बेला पिङ्गला नाडी खुलिरहेको मानिन्छ। दुबै प्वाल समानरूपले खुलिरहेमा सुषुम्णा नाडी प्रबल रहेको मानिन्छ। अनि ती नाडीहरूको हाम्रो शरीरको पछिल्तिर रहेको मेरुदण्डसंग सम्बन्ध रहेको हुन्छ। मेरुदण्डको देब्रेतिर इडा, दायाँतिर पिङ्गला र मध्यमा सुषुम्णा नाडी रहेको मानिन्छन्। यस मध्य भागको छिद्रको नाडीको मस्तिष्क सम्म सम्बन्ध रहेको मानिन्छ। अर्थात् सुषुम्णा नाडीको छिद्र मस्तिष्क भित्रसम्म पुगेको हुन्छ। हाम्रो नाकका दुबै प्वाल समानरूपले खुलिरहेको अवस्थामा सुषुम्णा नाडीको मार्गबाट मनलाई मस्तिष्क भित्र, अर्थात् ब्रह्माण्ड भित्र पुर्‍याई निधारको मध्य भागमा रहेको आज्ञाचक्रमा राख्न सकेमा मन चञ्चल नबनी स्थिर रहने हुन्छ।


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले प्राणायाम गर्दा पहिले दाहिने हातको बुढी औंलाले नाकको दाहिने प्वाल बन्द हुने गरी थिचेर नाकको देब्रे प्वालबाट अर्थात् इडा नाडी तिरबाट श्वास दशसम्म गनेर भित्र्याउने, त्यसपछि दायाँ बायाँ दुबै प्वाल थुनेर पनि दश गनेर राखी, तत्काल दायाँ प्वालको बुढी औंला हटाएर श्वासको हावा निकाले पछि स्वभावतः नाकका दुबै प्वाल खुल्ने हुन्छन् । यस्तो बेला सुषुम्णा नाडी प्रबल भइदिन्छ र मनलाई निधारको मध्य भाग स्थित आज्ञाचक्रमा पुऱ्याएर स्थिर बनाई राख्न सकिन्छ ।

यस प्राणायामद्वारा सुषुम्णा नाडीको मार्ग खोलेर मनलाई मस्तिष्क भित्रको मार्गबाट निधारको आज्ञाचक्रमा पुऱ्याई स्थिर बनाएर गायत्रीमन्त्रको जप प्रारम्भ गर्नु पर्छ । त्यसबेला निधारभित्र रहेको मनद्वारा गायत्रीको ध्यान अनुसार रक्तवर्णको ज्ञानकिरण, जसलाई गायत्रीदेवी अथवा ब्रह्म किरण भनिन्छ, को चिन्तन गर्दै गायत्री जप गर्दै जानु पर्दछ । त्यसबेला सूर्योदयको समयमा सूर्यको सर्वोत्कृष्ट बालकिरण रूप गायत्रीदेवी अथवा सत्यं ज्ञानमन्तं ब्रह्मरूप किरणको उदय हुंदा त्यसैबेला नै ब्रह्म साक्षात्कार हुन सक्दछ । अर्थात् जपकर्ताले जुन रक्तवर्णा बाला गायत्रीको रूप आफ्नो मस्तिष्कमा चिन्तन सहित ध्यान गरी अविरल रूपमा गायत्री जप गरिरहेको हो त्यस चिन्तनको रूप र सूर्योदयको प्रथम किरणको रूप पनि एउटै भएपछि स्वभावतः आकृष्ट भई नवोदित ब्रह्मकिरण जपकर्ताको निधारको मार्ग भई मस्तिष्कमा प्रविष्ट हुन्छन् र त्यहीं ब्रह्मसाक्षात्कार हुन जान्छ ।


Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै प्रविधिबाट नै प्राचीन कालीन वशिष्ठ आदि ब्रह्मर्षिहरूले ब्रह्मसाक्षात्कार गरेर त्रिकालदर्शी तथा मृत्युजित् बन्न सफलता पाएका थिए। ती ऋषिहरूलाई हामी आज पनि गोत्रप्रवर्तक रूपमा अस्तित्व मै रहेका मान्दै आइरहेका छौं र कुनै पनि धार्मिक कार्य गर्नुपर्दा पनि संझने गर्दछौं ।

यही क्रमले मध्यान्ह शुरु हुन केही समय अगाडि शुद्ध जलले हातपाउ पखालेर उत्तराभिमुख भई पद्मासनमा बस्ने र मध्यान्ह सन्ध्या अन्तर्गतको न्यास प्राणायाम विधिपूर्वक संपन्न गरी श्वेत वर्णकी युवती सावित्री (गायत्रीकै परिवर्तितरूप) को ध्यान शिरोमध्यमा चिन्तन गरी गायत्रीमन्त्र जप गर्नु पर्दछ। त्यसबेला पनि सूर्यको मध्यभागबाट निस्केको तेजिलो श्वेतवर्णकी किरणरूपिणी देवी सावित्री जपकर्ताको शिरोमध्यभागबाट भित्र मस्तिष्कमा प्रविष्ट हुन्छिन्। त्यसबाट जपकर्तामा अतिकठिन कार्य पनि संपन्न गर्न सक्ने क्षमता प्राप्त हुन आउँछ ।

एवं रीतले साँझ पनि कृष्णवर्णकी वृद्धा सरस्वतीरूप किरण (जुन, सूर्य अस्ताचलमा डुबेर अन्तिम छेउको भागमात्र बाँकी रहेको हुन्छ) बाट विषयवस्तुलाई उचित ठाउँमा उचित तरीकाबाट प्रयोग गर्न सक्ने क्षमतारूप शक्ति प्राप्त हुन्छ र शक्तिको दुरुपयोग हुन पाउँदैन ।

यसरी त्रिकाल सन्ध्या संपादन गर्नुको आशय बुझेर नित्य नबिराई त्रिसन्ध्या श्रद्धापूर्वक जीवनमा गर्दै जानु पर्दछ।

पुनश्च, सूर्यग्रहणको समयमा पनि ग्रहण लागेर गोलो वा चाक्लो देखिने सूर्यका भागहरू क्रमशः छेकिंदै जाँदा कुनै किरणहरू छोपिएका र कुनै भाग नछोपिएका भई सूर्य नै खण्डित



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किसिमका देखिने हुन्छ । त्यसबेला पनि सूर्यका किरणहरूमा कुनै छोपिएको र कुनै नछोपिएको प्रभावहरू पनि फरक फरक हुन सक्छन् । त्यसकारण सूर्यग्रहणकालमा पनि ग्रहण शुरु हुने वित्तिकै स्नान सन्ध्या संपन्न गरी गायत्री जप थाल्ने गर्नु र ग्रहणमुक्त भएपछि मात्र जप समाप्त गर्नु उपयुक्त कर्म हुने मानिएको छ । यसबाट पनि जपकर्तालाई पिहित (ढाकिएको) र अपिहित (नढाकिएको) भागबाट प्राप्त हुने परिणाम स्वरूप दोषनिवारण र उपलब्धि पनि प्राप्त हुनेछन् ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# गायत्रीमन्त्रले औंल्याएको जीवनको लक्ष्य

हामीले जीवनमा देखेका र उपभोग गरिएका जति पनि वस्तुहरू छन्, ती सबै एकदिन विनष्ट भएर गएका कुरा अनुभवसिद्ध छ। भनिन्छ, सबै उत्पन्न भएका वस्तुहरू एकदिन नष्ट भएर जानेछन्, यो ध्रुवसत्य कुरा हो। त्यस्तै, जन्मेका जति पनि प्राणी छन् तिनीहरू एकदिन मृत्युको वशमा पर्नेछन् नै। हाम्रा पूर्वजहरू कति मरेर गइसके भने अहिले पनि कति मरणासन्न अवस्थामा छन्। यी सब कुराहरू देख्दा देख्दै पनि मानिसहरू मृत्युको पासोबाट बच्न अनेक उपाय खोज्दै दौडदै छन्, यसरी बढी से बढी बाँच्ने आकांक्षाले मानिसलाई अन्धो जस्तै बनाइदिएको छ।

वास्तवमा मरणशील जीवन लिएर जन्मे पछि यस जीवनमा कस्तो लक्ष्य लिएर अघि बढ्नु पर्दछ भन्ने विचार गरी जीवनको लक्ष्य निश्चित बनाउनु अति आवश्यक कुरा हो। केबल जीवनलाई सुखभोगमा मात्र डुबाएर निरुद्देश्य बन्नु कदापि उचित हुंदैन, यो बुद्धिमत्ताको कुरा ठहरिंदैन।

यस विषयमा हाम्रा पूर्वज व्यास वशिष्ठादि ऋषिहरूले मानिसहरूलाई मोक्ष प्राप्ति गर्न नै प्रयत्न गर्नु पर्दछ भनी उपदेश दिएका छन्। उहाँहरूको विचार अनुसार जीवन विनाशी भए पनि त्यसमा रहेको चैतन्य, जसलाई आत्मा पनि भन्ने गरिन्छ, त्यो अविनाशी हुन्छ। त्यसैले त्यही आत्मालाई चिनेर, राम्ररी बुझेर शारीरिक सुख प्राप्ति मात्र गराउने सुखसयलका कुरा प्रति मात्र आकृष्ट हुने कुरा तिर नलागी तिनै परमतत्त्व मै विलीन भएर जानु अर्थात् मोक्ष प्राप्त गर्नु नै जीवनको



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सफलता हुन्छ भनी उपदेश दिएर गएका छन् । ती उपदेशका कुरालाई आध्यात्मिक दर्शन भन्ने गरिएको छ ।

यहाँ हाम्रो समाजका दुई किसिमका सिद्धान्तवादीहरू देखिएका कुरा बुझ्न सकिन्छ ।

एकथरी भौतिकवादी दर्शन पक्षका भए । तिनीहरू जीवनमा सकेसम्म नयाँ नयाँ उच्च सुख, सुविधाका कुराहरू उपलब्ध गराउन सक्नुमै जीवनको सफलता मान्ने भए ।

अर्को थरी अध्यात्मवादी दर्शका सिद्धान्त मान्ने हुन् । तिनीहरू आफ्नो जीवनसंग गांसिएर रहेको चैतन्ययुक्त तत्त्वलाई चिन्नु र आत्मसात् गर्न सक्नु नै जीवनको सफलता मान्दै भौतिक सुखका कुरा तिर लालायित नभई आत्मचिन्तनमा लाग्नु नै जीवनको लक्ष्य हुनु पर्दछ भन्ने गर्दछन् । जस्तै अध्यात्मदर्शनको मूल लक्ष्य मोक्ष प्राप्ति हो । यसलाई कहीं निःश्रेयस सिद्धि, कोही कैबल्य प्राप्ति आदि भन्ने गरिएको छ । हिजोआज एउटा नयाँ शब्द 'ब्रह्मलीन' भन्ने पनि गरिएको पाइएको छ ।

यसपछि एउटा नयाँ खोजबाट प्राप्त भएको तथा षड्दर्शनबाट अलग रहेको 'गायत्री दर्शन' नामक नौलो कुराको चिनारी यहाँ प्रस्तुत गर्न साहस गरिंदै छ ।

यहाँ मननीय कुरा के रहेको छ भने, व्यास वशिष्ठ जस्ता अग्रगण्य महर्षिहरूले अरुलाई संसारको अस्थिरता बताउँदै वेदान्तको दार्शनिक सिद्धान्त अनुसार सांसारिक सुखभोगको प्रलोभनमा फस्न नहुने मार्गदर्शन गराउँदथे र सांसारिक सुखभोगमा न फसी मोक्ष प्राप्तिको लागि नै प्रयत्नशील रहनु पर्ने उपदेश दिने गर्थे तर आफू भने अजम्बरी मृत्युजित् बनेर



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारमै रहने गरेका छन् भनिन्छ । यो मननीय कुरा रहेको छ ।

सायद, ती ऋषिहरू जस्तै सर्वसाधारण मानिस पनि अजम्बरी बनेर संसारमै उत्पात मच्चाउन सक्ने छन् भन्ने दूरदर्शितापूर्ण विचार लिएर त्यस किसिमको मार्गदर्शन जो कोहीलाई नगराएका होलान् । जस्तै कि हिरण्यकशिपु दैत्यले ब्रह्माजीको सहयोगबाट मृत्युजित् बनी खतरनाक स्थिति ल्याइदिएको थियो । श्रीविष्णुको सुझबुझबाट दैत्यको मृत्यु हुन सक्ने छिद्र पत्ता लगाई हिरण्यकशिपुको अन्त्य गराइएको थियो ।

यस कुराको प्रसङ्ग यहाँ ल्याउनुको आशय के हो भने आध्यात्मिक जगत्मा जीवनको वाञ्छित लक्ष्य ३ प्रकारका छन् । १. पुण्यकर्म गरेर स्वर्ग प्राप्ति, २. मोक्ष प्राप्ति र ३. चिरञ्जीवित्व प्राप्ति ।

यी ३ लक्ष्यमा कुनै एउटा लक्ष्य लिएर मानिसले तदनुकूल प्रयत्नमा लाग्न सकिन्छ ।

पहिलो किसिमको लक्ष्य अनुसार स्वर्गप्राप्तिको कामना राख्नेले विविधदान, यज्ञ, व्रत आदि धार्मिक कार्यहरू गरेर मृत्युपश्चात् स्वर्ग प्राप्ति गर्न सक्ने कुरा शास्त्रहरूमा बताइएको छ । त्यसैले श्रुतिमा भनियो, 'यजेत स्वर्गकामः' । यो पहिलो तहको लक्ष्य मानिएको छ । स्वर्गको बारेमा शास्त्रहरूमा भनिएको छ,

**यन्न दुःखेन संभिन्नं न च ग्रस्तमनन्तरम् ।**
**अभिलाषोपनीतं च तत्सुखं स्वःपदास्पदम् ॥**



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् दुःखले पटक्कै प्रभाव नपारेको, इच्छा गरेको कुरा प्राप्त हुने यस्तो अवस्थालाई नै स्वर्ग भनिन्छ ।

दोस्रो मोक्ष प्राप्तिको लागि निष्काम भावनाले दान गर्नु, उपवास अथवा व्रत बस्नु आदि गर्नु पर्ने हुन्छ र आत्मा सदा निर्लिप्त अवस्थामा रहेको संझेर कुनै भौतिक आकाङ्क्षा नै हृदयमा उत्पन्न हुन नदिई ज्ञान नै ईश्वर हो भन्ने कुरा हृदयमा विश्वासपूर्वक राख्दै जीवन संचालन गर्न सके मोक्ष प्राप्ति गर्न सकिने कुरा दर्शनशास्त्रहरूमा आफ आफ्नै तरीकाबाट व्याख्या गरिएका भेटिन्छन् ।

तेस्रो लक्ष्य भने मृत्युलाई नै जितेर चिरञ्जीवित्व प्राप्ति गर्नु हो । यस किसिमको लक्ष्य प्राप्त भएमा मानिसले यसै जन्ममा नै सदा शारीरिक, मानसिक रूपमा स्वस्थ भएर विविध दैवीशक्तिहरूका स्वामी वनी मृत्युजित् बन्न पनि सफलता पाउन सक्ने हुनेछ ।

यो गायत्रीमन्त्रमा ध्वनित भइरहेको कुरालाई 'गायत्री दर्शन' को नामबाट यथासंभव बुझाउने प्रयत्न स्वरूप माथि चर्चा गरिसकिएको छ। यहाँ बढी नकोट्याएर चञ्चुप्रवेश मात्र गराई यहीं टुंग्याइन्छ ।

यहाँ एउटा सचेत हुनु पर्ने कुरा पनि हामीले हृदयङ्गम गर्नु पर्ने हुन्छ । यदि कुनै खतरनाक विचारका व्यक्तिले यस विषयका कुरा प्राप्त गरेमा ठूलो अनर्थ उत्पन्न हुने कार्य पनि गर्न सक्दछ। जस्तै, हिरण्यकशिपुले श्रीब्रह्माबाट अजम्बरी बन्ने उपाय प्राप्त गरी सर्वत्र खतरा पुर्‍याउन सक्ने स्थिति उत्पन्न गराएको थियो । आखिर श्रीविष्णुको सुझबुझपूर्ण प्रयत्नबाट



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दैत्यको अन्त्य गरियो । त्यसबेला श्रीविष्णुले श्रीब्रह्मालाई हप्काएको श्लोक बडो मननीय रहेको छ ।

**मैवं बरोऽसुराणां ते प्रदेयःपद्मसंभव ।**
**वरः क्रूरनिसर्गाणामहीनाममृतं यथ ॥**

अर्थात्, क्रूर स्वभावका असुरलाई शक्तिवर्धक वर दिनु उचित थिएन, जसरी क्रूर सर्पलाई अमृत खुवाउनु कति खतरनाक हुन्छ ।

यसपछि बढी नकोट्याएर यहीं टुंग्याइन्छ ।

जयतु जगज्जननी गायत्री,

॥ समाप्तम् ॥

पुस्तकालय
Acc. ९८२९/1621



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# लेखकको संक्षिप्त परिचय

नाम - बलदेव जुजु
जन्म - वि.स. १९९२ जेष्ठ (ने.सं. १०५५)
शिक्षा - न्यायदर्शनाचार्य
पेशा - त्रि. वि. वि. को सहप्राध्यापक
हाल - अवकाशप्राप्त

# प्रकाशित कृति

क. नेपाल भाषामा प्रकाशित

१. नेपाःया तान्त्रिक द्यः व तान्त्रिक पूजा,
(सुरेन्द्रमान श्रेष्ठसग सह-लेखन)

२. कान्तिपुर,
(सुरेन्द्रमान श्रेष्ठसग सह-लेखन)

३. नेवाःसंस्कृति व नेवाः दर्शन,

४. नेवाः संस्कार व ज्याक्रिया विधि,

५. नेवाः नख चखःया द्यःपूजा विधि,

६. मृत्यु संस्कार, नेवाः संस्कृति कथ

ख. नेपाली भाषामा प्रकाशित

१. रुद्राध्यायको भावार्थ

ग. संस्कृत भाषामा प्रकाशित

१. गायत्री दर्शनम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu